# संघीय संसद

# राष्ट्रिय सभा

# छैटौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १ असार २०७७

# सोमबार

# (बैठक सङ्ख्या–२३)

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा सोमबार बिहानको ११:०२ बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयाललाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त आर्थिक विधेयक, २०७७, राष्ट्रि ऋण उठाउने विधेयक, २०७७, ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७ र केही अध्यादेश खारेज गरी नेपाल ऐनको साबिकको व्यवस्था जोगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७ लाई सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउँछु ।

माननीय सदस्यहरू, विनियोजन विधेयक, २०७७ को विभिन्न शीर्षकहरूमाथिको छलफल प्रारम्भ हुन्छ । यस अन्तर्गत कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र वन तथा वातावरण मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफल हुने जानकारी गराउँछु । साथै अर्थ मन्त्रालय अन्तर्गतको विनियोजन शीर्षकमाथि पनि छलफल हुने व्यहोरा म जानकारी गराउँछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभा (पहिलो संशोधन) नियमावली, २०७५ को नियम १३४ बमोजिम उल्लेखित मन्त्रालयहरू सम्बन्धी विनियोजन शीर्षकमाथि एक/एक जना गरी जम्मा ५ जना माननीय सदस्यबाट ११ वटा खर्च कटौतीको प्रस्तावहरू प्राप्त हुन आएका छन् ।

माननीय सदस्यहरू, खर्च काटौती प्रस्तावका प्रस्तावक माननीय प्रकाश पन्थलाई आफ्ना खर्च कटौतीका प्रस्तावहरू प्रस्तुत गर्दै आजको लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय १० मिनेट ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी यो मन्त्रालयगत विनियोजन विधेयकहरूमाथि छलफल गरिहेका छौं र यही क्रममा विभिन्न मन्त्रालयका खर्च कटौतीका प्रस्तावहरू पनि हामीले यहाँ प्रस्ताव गरेका छौं । म यसै अन्तर्गत आज यो कानून न्याय तथा संसदीय मामिला मन्त्रालय अन्तर्गतका विभिन्न शीर्षकहरूमा १ रुपैयाँ खर्च घटाइयोस् भन्ने प्रस्ताव गर्न चाहन्छु । यसैगरि खानेपानी मन्त्रालयमा पनि विभिन्न कर्मचारी भत्ता, बैठकदेखि थुप्रै कुराहरू छन्, त्यहाँ थुप्रै मितव्ययिता अपनाउनु पर्ने कुराहरू छन् । म त्यसतर्फ पनि उल्लेखित रकमहरू घटाई १ सय रुपैयाँ कायम गरियोस् भन्ने प्रस्ताव राख्न चाहन्छु । यसैगरि युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत पनि त्यहाँ पनि १ सय रुपैयाँ घटाइयोस् भन्ने प्रस्ताव राख्न चाहन्छु । पदाधिकारीहरूको यसमा भत्ताका कुरादेखि लिएर मितव्ययिता अपाउनु पर्ने धेरै कुराहरू छन् यहाँ । यी सबै कुराहरूलाई खेलाडीहरू केन्द्रित गरियोस् भन्ने कुरा पनि म भन्न चाहन्छु ।

अर्को छ, सूचना तथा सञ्चार तथा प्रविधि मन्त्रालय, यस अन्तर्गत पनि विभिन्न शीर्षकहरू, उल्लेखित रकमहरू घटाइयोस् भनेर मैले यो एउटा प्रस्ताव पेश गर्न चाहन्छु । यो सबै माननीयज्यूहरूको हातहातमा पनि भएको हुनाले मैले यसलाई डिटेलमा, मैले यसलाई छोट्करीमा भनें । र यो मन्त्रालयगत छलफलहरू गर्दाखेरि यो कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय अन्तर्गत केही कुराहरू भन्न चाहन्छु । यो मन्त्रालयलाई अलि एकदम बलियो पार्नु पर्ने स्थितिहरू छ । यसमा जनशक्तिहरूलाई विशेष तालिमहरू प्रदान गर्नु पर्ने आवश्यकता छ । यसैगरि विधेयकहरूका मस्यौदा गर्ने कर्मचारीहरूलाई विशेष तालिमहरूको आवश्यकता यस मन्त्रालयमा देखिन्छ । कानून मन्त्रालयमा लाइब्रेरीहरू पनि राम्रो बनाउनु पर्ने आवश्यकता छ । यी सबै कुराहरू विनियोजन विधेयकमा परेको हामीले देखेनौं । कतिपय विधेयकहरू अत्यन्तै त्रुटिपूर्ण तरिकाले संसदमा आइरहेको अवस्था छ । ड्राफ्टमा समेत धेरै समस्याहरू छ । हामी सांसदहरूले चाहिँ एउटा विधेयक कानूनको चाहिँ सारवान र राजनीतिक कुराहरू मात्रै हेर्ने ठाउँमा हामीले एउटा विधेयकमा एउटा ह्रस्व दीर्घ हेर्नेदेखि लिएर, वाक्य मिलाउने कुरादेखि लिएर थुप्रै कुराहरूमा थुप्रै समस्याहरू छन् । म त्यसतर्फ मन्त्रालयको ध्यानाकर्षण गर्न चाहन्छु । खास गरेर मन्त्रालयले एक चोटि राष्ट्रिय सभाको विधायन समितिमा आएर हेरे पनि हुन्छ, अध्ययन गरे पनि हुन्छ । उसले पठाएका

विधेयकहरूमा कति धेरै ठाउँमा ह्रस्व दीर्घ मिलाउनु परेको छ, कति धेरै ठाउँमा वाक्य मिलाउनु परेको छ, कति धेरै ठाउँमा ती कुराहरूमा सारवान र राजनीतिक कुराहरूलाई संशोधन गर्नु परेको छ भन्ने कुरा उहाँहरूले आएर एकचोटि आएर हेर्नुभयो भने विधेयकको ड्राफ्टिङ्गमा कतिको ढङ्ग पुगेर गरेको छ, कतिको कला छ भन्ने कुरा स्पष्टै हुन्छ । त्यही भएर हरेक विधेयकहरू, मैले सरकारलाई त्यसतर्फ पनि विशेष कानून मन्त्रालयलाई अनुरोध गर्न चाहेँ ।

अब यो संविधान पूर्ण कार्यान्वयन भएको छैन । मौलिक हकका विधेयकहरू अहिलेसम्म हतारहतारमा आए पनि त्यसको नियमावली नबन्दा अहिलेसम्म मौलिक हक कार्यान्वयन गर्न निकै समस्याहरू परिरहेको अवस्था छ । त्यसतर्फ पनि मैले सरकारलाई अनुरोध गर्न चाहन्छु र संविधानलाई सर्वस्वीकार्य बनाउन आवश्यक छ । यसको मागहरू बढिरहेको छ । यसलाई सबैले स्वीकार्ने खालको संविधान सर्वस्वीकार्य बनाउन आवश्यक भयो र संघ, प्रदेश र स्थानीय तहबीचका अन्तरसम्बन्धदेखि यही बीचमा लिएर थुप्रै समस्याहरू छ, यसका अनुसूचीमा भएका थुप्रै अरु पनि अधिकार क्षेत्रहरूमा यसका थुप्रै ऐनहरू अझै पनि बन्न बाँकी छ । त्यसतर्फ पनि सरकारलाई अनुरोध गर्न चाहन्छु । विनियोजन विधेयकमा यी सबै कुराहरू सरकारको एक वर्ष अगाडिका कार्यक्रममा यस्ता कुराहरू देखिएको छैन । स्थानीय तहलाई अझै बढी मजबुत बनाउनेतर्फ सरकार केन्द्रित हुन आवश्यक छ । एउटा घरको जग जसरी बलियो भने घर बलियो हुन्छ । त्यसैगरि मुलुक बलियो हुन, संघीयता मजबुत हुनका लगि स्थानीय तहलाई नै बढी जोड दिन आवशयक छ । त्यसतर्फ पनि मैले अनुरोध गर्न चाहेँ ।

यो कोरोना, कोभिडका कारण यो हाम्रो संसदहरू, अधिवेशनहरू लामो समय चल्ने स्थिति छैन । यो बीचमा भालि जनताका कुराहरूदेखि लिएर थुप्रै कुराहरू आउँछन् । सरकारले संसदीय समितिका कुराहरू, निर्देशनहरू पनि मानिरहेको अवस्था छैन । मैले कानून मन्त्रालयलाई त्यसतर्फ पनि इङ्गित गर्न चाहन्छु । भोलि संसद नहुँदाखेरि सरकारले मनोपरि ढङ्गले काम गर्न पनि सक्छ, अध्यादेश ल्याउन सक्छ । थुप्रै कुराहरू हुन सक्छ । जनताका कुराहरू हुन सक्छन् र कोभिड केन्द्रित हुनका लागि दुई वटै सदनबाट एउटा संयुक्त कोभिड केन्द्रित समितिहरू पनि बनाइयोस् । जसले गर्दा भोलि संसद नहुँदाखेरि त्यसमा पनि त्यो समितिले काम गर्न सक्ने छ । सरकारलाई निर्देशन दिने र सरकारलाई सघाउने कुराहरू त्यो महत्वपूर्ण हुन सक्छ ।

यसैगरि खानेपानी मन्त्रालय अन्तर्गत पनि थुप्रै कुराहरू छन् । सबै कुराहरू अहिले भन्न सम्भव छैन । मेलम्ची धेरै गफ गर्ने विषय भइरहेको छ । त्यो आउने स्थिति अझै पनि छैन । त्यहाँका कर्मचारीहरूले हिजोदेखि नै आन्दोलनहरू गरिरहेको अवस्था छ । त्यो आन्दोलन किन भएको हो ? ती कर्मचारीहरूको, ती मजदुरहरूको समस्यामा किन समयमै सुनुवाइ हुन सकेन म सरकारलाई त्यसतर्फ पनि ध्यानाकर्षण गराउन चाहन्छु । अझै पनि खानेपानी सबैको सर्बसुलभ हुन सकेको छैन । शुद्ध पिउने पानीको पहुँच सबै नागरिकमा छैन । अझै पनि हामीले पिउने पानीहरूमा त्यो दीशामा भेटिने कोलिन कि के भन्ने

किटाणुहरू अझै पनि फेला परिरहेको अवस्थाहरू छ । तराईतिर आर्सनिकयुक्त खानेपानी त्यहाँ पानीको समस्या छ । अब वर्षा याममा त्यहाँ इनारदेखि लिएर खानेपानीको स्रोतहरूमा बाढी पस्नेदेखि लिएर नदीहरू पस्नेदेखि लिएर डुबान पर्ने थुप्रै सम्भावना छ । त्यसले गर्दा अरु महामारीहरू पनि थप फैलन सक्ने सम्भावना छ । यो विनियोजनमा त्यसतर्फ पनि कुनै लक्षित गरिएको अवस्थाहरू पनि छैन । कोरोनाको सङ्क्रमण भएसँगै हरेक दिन धेरै पटक हात धुने भनेको छ तर शौचालयहरूमा पानी पनि छैन, हात धुने स्थिति पनि छैन । यी सबै कुराहरूतर्फ मैले सम्बन्धित मन्त्रालयको नीति कार्यक्रममा यी नपरेका कुराहरू मैले अनुरोध गर्न चाहेँ ।

अब, युवा तथा खेलकुद मन्त्रालय, यो कोरोना पछाडि अब सरकारले सबैभन्दा बढी ध्यान दिनु पर्ने युवा परिचालन नै हो । युवाहरूलाई कसरी सकेसम्म धेरै परिचालन गर्ने ? उनीहरूलाई युवा परिचालन गर्ने कुरामा कुनै निर्दिष्ट कार्यक्रमहरू देखिएको छैन । युवाहरूलाई कृषिदेखि लिएर, उद्योगदेखि लिएर दुनिया सबै ठाउँहरूमा भोलेण्टियर, स्वयम्सेवकदेखि लिएर युवाहरूलाई परिचालन गर्नु पर्ने स्थितिहरू छ । तर यी सबै ठाउँहरूमा युवाहरूलाई परिचालन गर्ने खालको कुनै स्पष्ट नीति कार्यक्रम, बजेट पनि छैन । म त्यसतर्फ सरकारलाई इङ्गित गर्न चाहन्छु । त्यसतर्फ आवश्यक कार्यक्रमहरू बनाइयोस्, विनियोजनहरू गरियोस् । युवाहरूलाई परिचालन गर्नका लागि एउटा उच्चस्तरीय युवा आयोग नै बनाएर ५/६ महिनाभित्र काम सक्ने गरी एउटा कोभिडको सङ्क्रमणको अवस्था र कोभिड पछाडिको अवस्थामा यी दुई वटै अवस्थामा युवाहरूलाई कसरी परिचालन गर्ने भनेर एउटा आयोग नै बनाएर ५/६ महिनाको लागि काम गर्ने एउटा आयोग बनाएर त्यसतर्फ काम गर्न सकियो भने युवाहरूलाई भोलि कहाँकहाँ कसरी परिचालन गर्ने भन्ने कुरालाई त्यसले होमवर्क गर्न सक्छ । मैले त्यसतर्फ अनुरोध गरेँ । युवा मन्त्रालय आफैमा पनि, युवा भन्ने विषय आफैमा पनि सबै मन्त्रालयसँग सम्बन्धित छ । यो सबै क्षेत्रसँग सम्बन्धित छ । यसलाई सबैले त्यही तरिकाले सोच्न र परिचालन गर्न पनि आवश्यक ठान्दछु मैले । खेलाडीका कुराहरू पनि छन् । खेलाडीहरू अफैले दुःख गरेका छन्, आफैले खेलेका छन् । राष्ट्रिय झण्डा नेपालको फहराएकै छन् । सुविधा सम्पन्न भौतिक पूर्वाधारका अभावमा पनि उनीहरूले पदकहरू जितेकै छन् । पछि प्रधानमन्त्रीज्यूले आफ्नो कार्यालयमा बोलाएर सम्मान पनि गर्नुभयो, पुरुस्कारको घोषणा पनि गर्नु भयो । तर त्यो पुरुस्कार पाउन उहाँहरूले निकै समय उहाँहरूले कुर्नुपर्ने स्थितिहरू पनि थियो । अब यस्तो स्थितिहरू नआओस् । हरेक स्थानीय तहमा खेलकुदका पूर्वाधारहरू बनून्, स्कुलस्तरमा पनि पूर्वाधारहरू बनून् र अरु थुप्रै कुराहरू, अब यो कोरोनाले चाहिँ थुप्रै राष्ट्रियस्तरका प्रतियोगिताहरू हनु पर्ने कुराहरूलाई रोकेको छ । त्योले उनीहरूको थुप्रै कुराहरू पछिको भविष्य चिन्ताजनक छ । त्यसतर्फ पनि मन्त्रालयले समयमै सोचोस् भन्ने कुराहरू मैले ती कुराहरू नीति तथा कार्यक्रममा नदेखेको हुनाले सरकारले त्यसलाई पनि सम्बोधन गरोस् भन्न चाहन्छु ।

अब यो सञ्चार तथा सूचना मन्त्रालय पनि एउटा यो सबै मन्त्रालयसँग सम्बन्धित छ । हुन त यो एउटा मन्त्रालय भए पनि यो सबै मन्त्रालयले सूचना प्रविधि बाहेकको

तरिकाले काम गर्न सक्दैन । अहिले सूचना प्रविधि एउटा कृषिदेखि लिएर एउटा मेडिकल डाक्टरदेखि लिएर एउटा गाडी, सवारी साधन यातायातदेखि लिएर सबै ठाउँमा यो प्रविधिको प्रयोगहरू भइरहेको छ । त्यही भएर अहिले लकडाउनको बेलामा यो सूचना प्रविधिले पनि थुप्रै कामहरू गऱ्यो । हामी घरमा हाम्रा बाआमा, भाइबहिनी, छोराछोरीहरू पनि यही सूचना प्रविधिकै कारणले गर्दाखेरि घरभित्र बस्न सक्ने अवस्थाहरू थियो । त्यही भएर यसको धेरै महत्व भएको हुनाले सरकारले यो सूचना प्रविधिलाई, त्यसै गरेर यो इन्टरनेटलाई सर्बसुलभ बनाउने, सबैको पहुँचमा बनाउनेतर्फ पनि यो सरकरले सोच्न आवश्यक छ । सूचना प्रविधिलाई बहु आयामिक तरिकाले सोच्नु पऱ्यो । सबै ठाउँमा अहिले इ-लर्निङ्गका कुराहरू छ । सूचना प्रविधिलाई शिक्षासँग जोड्ने, सूचना प्रविधिलाई उद्योगसँग जोड्ने, सूचना प्रविधिलाई कृषिसँग जोड्ने, सूचना प्रविधिलाई राष्ट्रिय सुरक्षासँग जोडने थुप्रै कुराहरूमा सूचना प्रविधिलाई जोड्न सक्ने ठाउँ छ । ती सबै कुराहरूलाई पहिचान गरेर सरकारले त्यसतर्फ आवश्यक पहलहरू गर्नु पऱ्यो । विनियोजनमा र नीति तथा कार्यक्रममा सरकारको त्यसतर्फ केही पनि लक्षणहरू देखिएको छैन । नेपाल टेलिभिजन र रेडियो नेपाल चाहिँ सार्वजनिक प्रसारणको रूपमा आउन आवश्यक छ । खालि अब कुनै पनि लोकतान्त्रिक मुलुकहरूमा रेडियो र कुनै पनि मिडियाहरू चाहिँ सरकार नियन्त्रित हुनु हुँदैन । सरकार नियन्त्रण हुने बित्तिकै त्यो लोकतन्त्रको उल्टो बाटो हुन सक्छ । त्यही भएर यिनीहरूलाई सार्वजनिक सेवाका स्वतन्त्र संस्था बनाइयोस् भन्ने कुरा बिगतमा उठेकै थियो तर यो वास्तविक कुरा छुटेर आएको छ । सरकारले मैले यसतर्फ पनि आफ्नो ध्यान केन्द्रित गरेँ । त्यसैगरि अहिले मिडियामा ५० हजारभन्दा बढी मान्छेहरू कुनै न कुनै रूपमा रोजगार छ । मनोरञ्जन लगायत फिल्म क्षेत्र र अरु थुप्रै ठाउँहरूमा अरु २ लाख मान्छेहरू प्रत्यक्ष अप्रत्यक्ष सङ्लग्न छन् । तिनीहरूकोतर्फ बजेट मौन देखियो । तिनीहरूको रोजिरोटीको कुरा छ । तिनीहरूलाई राहतको कुरा छ । यसतर्फ सरकारले समयमै सोच्न सकिरहेको छैन । मैले सरकारले त्यसतर्फ पनि आवश्यक अङ्कित र ध्यान दिन चाहन्छु । सरकारलाई यहीँ बीचमा हाम्रो यो अन्तर्राष्ट्रिय दूर सञ्चार प्राधिकरणमा भएको कोष थियो जुन कोष चाहिँ भोलि दूरदराज क्षेत्रमा चाहिँ सूचना प्रविधि विकास गर्नेदेखि लिएर थुप्रै कुराहरू त्यसमा थियो । त्यो कोषलाई अहिले सरकारले आफूतिर तानेको छ । यो एकदम ठीक काम भइरहेको छैन । यसलाई पुनः फेरि यतै फकाइयोस् र सूचना प्रविधिलाई आवश्यक सबै ठाउँमा यसलाई जोड गरियोस् भन्ने कुराहरू भन्न चाहन्छु ।

अन्त्यमा, वर्तमान बजेट नीति तथा कार्यक्रम सरकारको आफ्नै शैली र प्रवृत्तिमा निर्भर छ । अब हामी मुलुकको समृद्धिको यात्रामा हाम्रो प्रमुख प्रतिपक्ष दलको हैसियतमा रचनात्मक सहयोगहरू हामीले भूमिका निरन्तर रूपमै खेलिरहने छौँ । गुण र दोषका आधारमा सरकारलाई समर्थन र विरोध गर्ने कुरा संसदीय अभ्यासकै परम्परा र नीति नै हो । वर्तमान बजेट विनियोजनलाई बस्तुगत विश्लेषण गर्नु र बजेटमा रहेका विरोधाभाष कमजोरी र दिशाहीनतालाई चिरफार गर्दै सरकारलाई ऐना देखाउनु र जनतालाई वास्तविकता बुझाउने हाम्रो कर्तव्य हो । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, खर्च कटौती प्रस्तावको प्रस्तावक माननीय तारादेवी भट्टलाई आफ्नो खर्च कटौतीको प्रस्ताव गर्दै आजको लागि निर्धारित गरिएका मन्त्रालयका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय १० मिनेट ।

**माननीय श्री तारादेवी भट्ट (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, आज म महिला तथा बालबालिका, ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गतको शीर्षक अनुदान शीर्षकको खर्च रकम घटाइयोस्, घटाई १ रुपैयाँ गरियोस् र शीर्षकको खर्च रकममा उल्लेखित रकम साथै मितव्ययिता अपनाउन, पारदर्शिता कायम गर्न शीर्षकको खर्च रकममा १०० रुपैयाँ रकम खर्च घटाइयोस् भन्ने म यो खर्च कटौतीको प्रस्ताव पेश गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, आज हामी विनियोजन विधेयक २०७७/०७८ को मन्त्रालयगत विनियोजन शीर्षकहरूमाथि छलफल गर्दैछौँ । नेपाल सरकारले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न र नेपाललाई न्यायपूर्ण र समृद्ध बनाउन परिकल्पना हामीले पहिले नै गरेका थियौँ । सोही अनुसार तिनै प्रतिबद्धतामा टेकेर हाम्रो १५ औं योजना तयार पारिएको कुरा यस सम्मानित सदनलाई स्मरण गराउन चाहन्छु । जसमा हाम्रा १७ वटा लक्ष्यहरू १६९ वटा परिमाणात्मक लक्ष्यहरू रहेका छन् ।

सम्माननीय अध्यक्ष महोदय, हामी हरेक वर्ष यिनै विकासका लक्ष्यहरू योजना आयोगले तयार पारेको रोडम्याप र प्राथमिकता अनुसार नीति कार्यक्रम र बजेट विनियोजन भयो या भएन भन्ने छलफल र एकिन गर्ने गर्दछौँ र प्रभावकारी कार्यान्वयनको सरकारलाई सुझाव दिने गर्दछौँ । तर यस पटक कोरोनाको कारणले विश्वव्यापी रूप मै आएको सङ्कटले गर्दा बजेट घट्यो र हामीले यस्तोमा आशातित उपलब्धि हुन नसक्ने पहिले नै अनुमान गरिसकेका थियौँ । त्यसै अनुसार सरकारलाई आवश्यक रकम कटौती गर्न र लक्ष्यहरू प्राथमिकीकरण गरेर रकम विनियोजन गर्न सुझाव पनि दिएका थियौँ । हामीले अहिलेको परिवेशमा प्रशासनिक खर्च एकदमै कम गर्ने कार्याक्रममा सूचकहरूलाई प्राथमिकीकरण गरेर लक्ष्यहरू हासिल गर्ने रकम विनियोजन गर्ने भनेका थियौँ । संसार नै नयाँ, न्यू नर्मलको कन्सेप्टमा अघि बढिरहेको परिप्रेक्षमा दिगो विकासको नयाँ खाका कोर्ने समय हामीले गुमायौँ र अब पारित भएको बजेटको प्रभावकारिता कार्यान्वयन नै महत्वपूर्ण भएको देखिन्छ ।

सम्माननीय अध्यक्ष महोदय, मेरो जिज्ञासा भनेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले दिगो विकासका लक्ष्यहरूको प्राथमिकीकरण कसरी गरिरहेको छ भनिरहेको छ । लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला, किशोरी तथा बालबालिकाहरूलाई सशक्त बनाउने सूचक र क्रियाकलापहरू यस पटकको बजेटमा कुन-कुन शीर्षकमा छन् ? मैले देख्न सकिनँ । तर परेकै छैनन् । यो खालि देखावा मात्रै भएको

छ, यसमा । हामीले महिला र पुरुषको ज्यालाको अनुपात २०१५ को तुलनामा २०२२ मा ०.८ पुऱ्याउने भनेका थियौं र त्यसको अवस्था के छ ? केही देखिएको छैन र मन्त्रालयले के गरिरहेको छ ? लैङ्गिक असमानता सूचकाङ्क र लैङ्गिक सशक्तीकरण मापनमा मन्त्रालयले कसरी समन्वय गरिरहेको छ ? यसमा बजेट किन राखिएन ? यो एकदमै क्रस कटिङ्ग इस्यू हो । परिमाणात्मक लक्ष्य ५.२ अनुसार महिला, किशोरी तथा बालबालिका विरुद्ध हुने सबै प्रारका हिंसा, मानव बेचविखन, यौन तथा अन्य प्रकारको शोषण वा मनोवैज्ञानिक हिंसामा परेका १५ वर्ष र माथिका उमेर अनुसार महिलाहरूको अनुपात बारे राष्ट्रिय सर्वेक्षण गर्ने भनिएकोमा मन्त्रालयले यसमा के पहल गरिरहेको छ ? कतै उल्लेख छैन । महिलाहरूको स्वामित्व भएको उद्यमहरूको सङ्ख्या तथा महिलाहरूको सम्पत्तिमाथिको स्वामित्व जमिन र घरमा सन् २०१५ को २६ को आधारमा सन् २०२२ मा ३२.५ र सन् २०३० मा ४० पुऱ्याउने भनिएकोमा हालको स्ट्याटस के छ ? देखिएन ।

सम्माननीय अध्यक्ष महोदय, अहिलेको वर्तमान अवस्थाको कोरोनाको सङ्क्रमणको मूल कारण क्लाइमेट चेञ्ज र वातावरणीय असन्तुलन हो भनी विज्ञहरू बताइरहेका छन् । त्यसैले प्रकृति र वातावरणको रक्षा गर्नु अपरिहार्य भएको छ । नयाँ परिस्थिति अनुसार वन तथा वातावरण मन्त्रालयले नयाँ पहल गर्नुपर्ने आजको आवश्यकता हो । जुन अत्यन्त महत्वपूर्ण छन् । यो कहीँ कतै सही तरिकाले समावेश गरिएको छैन । सम्माननीय अध्यक्ष महोदय, वातावरण मन्त्रीज्यूलाई मेरो प्रश्न छ एनडीसी संयुक्त राष्ट्रसँग यूएनएफसीसीलाई ह्वाइट पेपर बुझाउने भनिएको थियो । यो प्रक्रिया कहाँ पुगेको छ ? कहीँ देखिएन । यसमा स्थानीय र प्रदेशसँग कन्सल्टेशन गरिएको छ कि छैन ? यो कहीँ देखिएन । मैले यस अघि पनि माननीय मन्त्रीज्यूलाई समितिमा र व्यक्तिगत रूपमा पनि National Adaptiation Plan मा धेरै कुराहरू समेट्न सुझाव दिएका थियौं । अहिलेको मेरो प्रश्न न्याप र एन.डी.सी को इन्ट्रिग्रेशन कसरी हुन्छ ? त्यतिखेर पनि हामीले न्यापमा हाइड्रोमेड्रोलोजिकल एप्रिएट्स् राख्नुस् भनेका थियौं । किनभने बारे, पर्सा लगायत कलैली, कञ्चनपुरमा ठूलो क्षति भएको थियो । यो कहीँ कतै राखिएको देखिएन । यस पटक १२ जुनमा मनसुन सुरु भयो । त्यसको लगतै दुई दिनमा पर्वतमा ८ जना मान्छे पहिरोले पुरिएर मरेका छन् र रुकुमको बसपार्क बाढीले बगाएर बगर बन्यो । लस एण्ड ड्यामेजको इस्यूलाई मैले बजेटमा देखेनँ । जुन यस्तै विषम परिस्थितिमा प्रयोग गरिन्छ । सरकारले यसमा के गरेको छ ? कहीँ पनि उल्लेख छैन । हाम्रा पूर्वतयारीको अवस्था के छ ? अहिलेको रुकुमको घटना र पर्वतमा मानिसहरू जिउँदै पुरिएका छन् र उनीहरूको क्षतिपूर्ति लस एण्ड ड्यामेजबाट गर्न सरकारसँग माग गर्दछु । यी घटनाहरू जलवायु परिवर्तनको कारणले हो वा अरु कारणले हो, तपाईंहरू नै जान्नुस् । यो बजेटमा देखिएन ।

सम्माननीय अध्यक्ष महोदय, लकडाउन अवधिमा सडक बिस्तार भनेर सयौं, हजारौं रुखहरू काटिएको समाचारहरू आइरहेका छन् । त्यसतर्फ वन तथा वातावरण मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु । के भइरहेको छ ? एउटा रुख वयस्क हुन २००/३०० वर्ष लाग्छ र अबका हरेक विकास रुखहरू र वातावरणको संरक्षण गरेर मात्र अघि बढ्दा दिगो हुन्छ र भौतिक र सहरी विकास मन्त्रालयलाई के सुझाव दिन चाहन्छु भने स्मार्ट सहर

बनाउने नयाँ सहर बसाउने सरकारको नयाँ योजनामा वातावरणको संरक्षण गरेर अनिवार्य प्लानिङ्गमा नै रुखहरू राख्ने प्राब्धान गरौं । यो कहीँ देखिएन । रुखहरू र वातावरण प्रवर्द्धनबिनाको सहरको कल्पनै नगरौं भन्ने सरकारसँग म ध्यानाकर्षण गराउन सम्माननीय अध्यक्षज्यू मार्फत् सरकारको यतातिर ध्यानाकर्षण गराउन चाहन्छु । सरसर्ति यी आजका विनियोजन शीर्षकमा भएका मन्त्रालयहरूको बजेट सरसर्ति हेर्दा अस्ति पनि मैले भनेकी थिएँ । यी योजनाहरू जो यसमा परेका छन्, न यी सुरु नै हुने हुन् कि अथवा यी समाप्त नै हुने हुन् । यिनको कुनै टुङ्गो छैन । यस्ता खालका बजेट र यस्ता खालका कार्यक्रमहरू राखिएकोमा म यतातिर ध्यान दिन चाहन्छु र यी कार्यक्रममा हाम्रो यो बजेटको शीर्षकमा सरकारलाई यतातिर ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, खर्च कटौती प्रस्तावको प्रस्तावक माननीय जितेन्द्र नारायण देवलाई आफ्नो खर्च कटौतीको प्रस्ताव गर्दै आजको लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु । समय १० मिनेट ।

**माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, मैले अर्थ मन्त्रालयसँग सम्बन्धित भौतिक पूर्वाधार तथा यतायातसँग सम्बन्धित र सहरी विकास मन्त्रालयसँग सम्बन्धित तीन वटा मन्त्रालयमा खर्च कटौतीको प्रस्ताव राखेको छु र त्यही विषयहरूमा एकएक गरेर म आफ्नो कुराहरू अगाडि बढाउन चाहन्छु ।

पहिलो म अर्थ मन्त्रालयबाट आफ्नो कुरा अगाडि बढाउन चाहन्छु । यो खास गरेर शीर्षकको खर्च रकममा उल्लेखित रकम घटाइयोस् भन्ने शीर्षकसँग सम्बन्धित छ न यो रुपैयाँ घटाइयोस् भन्नेसँग सम्बन्धित छ न यो १०० रुपैयाँ घटाइयोस् भन्नेसँग सम्बन्धित छ । यो खास गरेर उल्लेखित रकम घटाइयोस् भन्ने सन्दर्भमा यो विषयलाई अगाडि सारी राखेको छु । मुख्य रूपमा यो अहिले चालु खर्च, अर्थ मन्त्रालयको चालु खर्च अहिले जसरी ह्वात्तै, एकाएक एकदमै low रकमबाट High रकम २५ अर्ब १ करोड ३ लाख बढाइएको छ । त्यो अहिलेको सन्दर्भमा कोभिड-१९ को जो इकोनोमिक इम्प्याक्ट छ, आर्थिक सङ्कटबाट जसरी मुलुक गुज्रिरहेको छ र आफै माननीय अर्थ मन्त्रीज्यूले हिजो प्रतिनिधि सभाको बैठकमा जुन आर्थिक सङ्कटबाट, जुन हिसाबबाट उहाँले आफ्नो कुराहरू राख्नु भएको छ, त्यो सन्दर्भमा यसरी २०७५/७६ मा ५ अर्ब ३८ करोड मात्रै चालु खर्च, अहिलेको चालु आर्थिक वर्षमा ८ अर्ब ८४ करोड मात्रै अहिले चलिराखेको । ८ अर्ब ८४ करोडबाट एकैचोटि अहिले आगामी २०७७/७८ मा २५ अर्ब १ करोड गर्नु यो कुनै पनि हिसाबले मनासिब भएन । कुनै पनि हिसाबले यो मनासिब भएन । यो गैरमनासिब कुरा हो । त्यसकारणले माननीय अर्थ मन्त्रीज्यू आफै धेरै किसिमको अहिले आर्थिक र राजनीतिक दबावमा पर्नु भएको छ । तनाबमा हुनुहुन्छ । म धेरै कडा कुराहरू गर्न चाहन्नँ । धेरै

आक्रमक कुराहरू म गर्न चाहन्नँ । एकदम नरम र मिठो भाषामा म यति मात्र भन्न चाहन्छु कि या त उहाँले आफै यो कुरा बुझेर पनि हुलमुलमा छिराइदिउँ भनेर चालु खर्च पछि सर औँ यति ठूलो रकम बढाइदिनु भयो । कि त कर्मचारीहरूले Benefit of doubt अर्थ मन्त्रीलाई दिने हो भने कि त कर्मचारीहरूले कताबाट यो छिराइदिए । कर्मचारीहरूको इन्ट्रेष्टमा । त्यसकारणले के भएको हो, त्यो अर्थ मन्त्रीज्यूले प्रष्ट पार्नुहुन्छ । तर यो कुनै पनि हिसाबले आर्थिक मितव्ययिताको सिद्धान्त हो र अहिलेको सन्दर्भमा जब दुनियाँका अर्थशास्त्रीहरूलाई webinar माध्यमद्वारा उनीहरूको कुरा सुन्दा हाम्रै देशका विद्वान अर्थशास्त्रीहरूको बहसहरू सुन्दाखेरि अहिले जुन ढङ्गले यो चालु खर्चलाई कम गर्नु पर्ने यो सङ्कटको सन्दर्भमा जुन व्याख्या विश्लेषणहरू भइराखेको छ, म जस्तो समान्य अर्थशास्त्रिको विद्यार्थीलाई पनि यो ढङ्गले एकैचोटी ५ अर्बदेखि २५ अर्ब गरिएको जुन चालु खर्च हो, त्यो अत्यन्त अनुचित छ भन्ने कुरा म राख्न चाहन्छु र यही सन्दर्भमा यो मेरो रिपोर्ट होइन सम्माननीय अध्यक्ष महोदय, एउटा कम्युनिष्ट अर्थशास्त्रीको, बामपन्थी अर्थशास्त्रीले जसको नाम डा. डिल्लीराज खनाल हो, डा. डिल्लीराज खनालको संयोजकत्वमा सार्वजनिक खर्च पुनराबलोकन आयोग, २०७५ ले दिएको रिपोर्ट के भन्छ, २०६ वटा विकास समितिहरू, परिषद्हरू, आयोगहरू, बोर्डहरूमध्ये ८३ वटा मात्र राख्ने सिफारिस भएको छ, त्यो आयोगबाट र बाँकी १२३ लाई खारेज गर्ने वा गाभ्ने भन्ने सिफारिस भएको छ र प्रशासनिक खर्च घटाउन ६ वटा मन्त्रालय ३५ वटा विभाग र करिब ४५ हजार कर्मचारी कटौती गर्न सुझाव कम्युनिष्ट अर्थशास्त्री र म उहाँलाई सम्मान गर्छु र He is good Economits नेपालमा डा. डिल्ली खनाल र उहाँको सरकारले नै गठन गरेको समिति हो, कार्यदल हो र सरकारले गठन गरेको कार्यदलको यो रिपोर्ट हो, यो । यो कन्टेक्समा यसको केही कुराहरू बजेटमा परेको छ । तर समग्रमा यसको मर्मलाई बजेटले समात्न सकेको छैन । त्यसकारणले एउटा यसको मर्म सरकारले नै गठन गरेको कार्यदलले दिएको सिफारिस । राष्ट्रिय रूपमा अर्थशास्त्रीहरूको बहस, अन्तर्राष्ट्रिय रूपमा अर्थशास्त्रीहरूको बहस यो हामी सबैले एउटा चेतनशील नागरिकको नाताले जसरी जुन इकोनोमिक क्राइसिसबाट अहिले नेपाल गुज्रिरहेको छ, त्यो सन्दर्भमा यो खालको चालु खर्च बढाउनु यो उपयुक्त देखिएन । त्यसकारण यसमा माननीय अर्थमन्त्रीज्यूलाई एकदम सम्मानपूर्वक यसमा Re–Think गर्नको लागि म हार्दिक अनुरोध गर्दछु । नम्बर १ ।

अब त्यसपछि सहरी विकास मन्त्रालयको सन्दर्भमा यसमा मेरो धेरै कुरा भन्नु छैन तर के भन्दाखेरि यो शीर्षकको खर्च रकमलाई घटाई १ रुपैयाँ गरियोस् भनेर अलिकति आक्रमक दफा किन समाइयो भन्दाखेरि मैले अहिले बहस गरिसकेको छु, आफ्नो कुरा राखिसकेको छु, जुन एउटा मितव्ययिताको सिद्धान्तमा चल्नु पर्ने, मितव्ययिताको सिद्धान्त अवलम्बन गर्नु पर्ने जुन मुलुकको आवश्यकता छ, त्यो कुरालाई चाहिँ १ रुपैयाँ गरियोस् भन्ने पहिले २ लाख राखिएको अहिले चालु आर्थिक वर्षमा पदाधिकारी इन्धन भत्ता, पदाधिकारीहरूको इन्धन भत्ता, अरु विषय होइन । सहरी विकास मन्त्रालय अन्तर्गतको पदाधिकारी इन्धन भत्तामा पहिला अहिले करेन्ट चलिराखेको आर्थिक वर्षमा २ लाख राखिएको थियो । अहिले मूल्य घटेको पनि अवस्था पनि छ । हामी क्राइसिसको अवस्थामा

छौँ तर मूल्य घटेको अवस्था छ र घटेको अवस्थामा पनि अहिले २ लाखबाट बढाएर ६ लाख गरिएको छ । यो अहिलेको अवस्थामा यो इन्धनको लागि यो यसरी बढाउन उपयुक्त हुन्छ कि हुँदैन । यो अलिकति नीतिगत कुरा पऱ्यो । आम रूपमा मितव्ययिताको नीतिमा हामी जाने जोड गर्दैछौँ भन्ने कमिटमेन्ट गर्ने, बजेट वक्तव्यमा कमिटमेन्ट गर्ने, नीति कार्यक्रममा कमिटमेन्ट गर्ने सरकारले । तर के भन्दाखेरि सानोतिनो रकमको बारेमा पनि कहाँबाट कसरी लिकेजेज हुन्छ र अहिलेको प्राइयोरिटी के हो ? मैले बारम्बार उठाइरहेको प्राइयोरिटीको जुन कुरा हो, प्राइयोरिटीको सन्दर्भमा पनि यो चाहिँ अहिले राम्रो भएन, उचित भएन भन्ने हिसाबले सहरी विकास मन्त्रालयको सन्दर्भमा पनि त्यो इन्धन भत्ताको जुन विनियोजित रकम छ, त्यो ठीक भएन भन्ने मेरो जिकिर हो । नम्बर २ ।

अब नम्बर ३ र अन्तिम यो भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सन्दर्भमा यसमा मुख्य रूपमा मेरो जोड के हो भन्दाखेरि यो कनेक्टिभिटी भनेको सम्माननीय अध्यक्ष महोदय, अर्थशास्त्रमा पोलिटिकल इकोनोमिक्समा कनेक्टिभिटी भनेको कृषि पनि हो । कनेक्टिभिटी भनेको पर्यटन पनि हो । कनेक्टिभिटी भनेको आम रूपमा इन्डेस्ट्रिलाइजेशन हो । कनेक्टिभिटी एउटा यस्तो क्षेत्र हो, इकोनोमीको यस्तो एउटा ब्यकबोन हो, लाइफलाइन हो, जसले अन्य सेक्टरहरूलाई मल्टिप्लाई इफेक्ट दिन्छ । त्यसको प्रभाव पर्छ । उद्योग कनेक्टिभिटी न एउटा इन्डष्ट्रीमा सिमेन्ट पठाउन सक्छौं, बिनासडकको न कृषि उपजहरूलाई हामी बजारीकरण गर्न सक्छौँ, न डोमेस्टिक या इन्टरनेश्नल टुरिजमलाई हामीले आकर्षित गर्न सक्छौँ, टुरिष्टहरूलाई आकर्षित गर्न सक्छौँ । त्यसकारण त्यो खालको क्षेत्र हो, कनेक्टिभिटीको क्षेत्र । तर यसपालि म यो भन्न चाहन्नँ । यसपालि मेरो यो जिकिर होइन । म यसमा बहुत साबधानीका साथ आफ्नो कुरा राख्दैछु कि म यसपालि यसमा पैसा परेन, यसमा बढाउनु पर्छ भन्ने मान्यता म व्यक्तिगत रूपमा म यसपालि राख्दैन । ओभरअल अहिले बजेटको भोलुम कम गर्नु पर्ने, क्राइसिस म्यानेज गर्नु पर्ने र प्राइयोरिटी क्षेत्रमा मात्रै पूँजीलाई च्यानेलाइज गर्नु पर्ने, बजेटलाई च्यानलाइज गर्नु पर्ने जुन आवश्यकता छ, त्यो सन्दर्भमा म चाहिँ म अहिले पैसा कम भयो, यसमा किन राखिएन भन्ने व्याख्या म गर्न चाहन्नँ । तर मेरो मुख्य जोड के हो भन्दाखेरि जहाँ पर्नु पर्ने हो, प्राइयोरिटीको जुन सेक्टर हो, प्राइयोरिटीको सेक्टरमा पैसा परिराखेको छैन । भौतिक पूर्वाधार तथा यतायात मन्त्रालयका माननीय मन्त्रीज्यू यहीँ हुनुहुन्छ । लास्ट इयर म अहिले पनि सुन्दैछु रघुवीर महासेठ यो मन्त्रालयको मन्त्री हुनुहुन्थ्यो । १३ अर्ब रुपैयाँ हुलाकी राजमार्गलाई विनियोजित भएको थियो र ३ वर्षभित्र त्यो आयोजनालाई सम्पन्न गर्ने भन्ने कमिटमेन्ट भयो । अहिले फेरि बजेट भाषणमा आएर फेरि ३ वर्ष, १ वर्ष त गयो नि त । लास्ट इयर पनि भन्ने यही सरकार थियो नि त । यो सरकारले लास्ट इयरमा ३ वर्षमा कम्प्लिट गर्छौं र अहिलेको लागि १३ अर्ब रुपैयाँ विनियोजित गरेका छौँ भन्यो, हामीले त्यो स्वागत गऱ्यौँ । अहिले ठ्याक्कै ५० प्रतिशत रुपैयाँ घटाइएको छ । मध्यपहाडी राजमार्गमा ५० प्रतिशत रुपैयाँ घटाइएको छ । फास्ट ट्र्याकमा ५० प्रतिशत घटाइएको छ । जुन भाका हिजो राखिएको थियो, त्यही भाका राखिएको छ । त्यसकारणले यो कुरा पनि ठीक भएन र लास्टली नेपाल पानीजहाज कार्यालय र रेलवे विभाग भनेर रेलवे विभागलाई ८ अर्ब ६६

करोड रुपैयाँ छुट्याइयो र यो पानी जहाज कार्यालयलाई २ वटा सेक्टर गरेर ५ करोड ५० लाख छुट्याइएको छ । यो पनि प्राइयोरिटीमा तल्लो चाहिँ प्राइयोरिटीमा परेन । यो विषय आफैमा राम्रो छ । तर यसरी चाहिँ ८/९ अर्ब रुपैयाँ त्यतातिर च्यानलाइज गर्नु पर्ने उचित होइन अहिलेको समयमा । त्यसकारण यो पनि ठीक भएन र यतातिर खासगरि प्राइयोरिटी जुन प्रोजेक्टमा प्राइयोरिटी हुनु पर्ने हो, त्यो हिसाबको विनियोजन हुन नसकेको हुनाले मैले यो खर्च कटौतीको प्रस्ताव राखेँ र नेपाल सरकारलाई गम्भीरताका साथ अहिले बजेटलाई Re–think गर्ने प्रोसेसमा अलिकति राम्रोसँग गहिरिएर कहाँ राख्ने, राख्नै पर्छ भने राख्ने, कहाँ घटाउन सकिन्छ भने स्वाट्टै घटाउने भन्ने किसिमको चिन्तनलाई अगाडि बढाउन आग्रह गर्दै म आफ्नो कुरा यहीँ अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, खर्च कटौती प्रस्तावको प्रस्तवक माननीय अनिता देवकोटालाई आफ्ना खर्च कटौतीका प्रस्तावहरूलाई प्रस्तुत गर्दै आजको लागि निर्धारित मन्त्रालयहरूका विनियोजन शीर्षकहरू माथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँदछु । समय १० मिनेट ।

**माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, खर्च कटौतीको प्रस्तावको सूचना लिएर म भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, श्रम तथा रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्न चाहन्छु । हामी संसदीय अभ्यासमा छौँ खर्च कटौतीको प्रस्तावमा फजुल खर्चलाई हामीले घटाउन सक्यौं, मितव्ययिता अपनाउन सक्यौँ र पारदर्शिता कायम गर्न सक्यौँ भने जनताले तिरेको करबाट राज्य सञ्चालन गर्छौं । हामीले राज्य सञ्चालन गर्दै गर्दा फजुल खर्च मितव्ययितालाई अवलम्बन गरेर पारदर्शिता देखाउन सक्यौं भने जनताले तिरेको करको पाइ-पाइ हिसाब जनताले माग्छ , त्यो हिसाब दिनको लागि हामी तयार रहनु पर्छ । अहिले कोभिड-१९ को सङ्क्रमणमा हामी उभिएका छौँ । त्यसैले यो परिस्थितिमा हामीले यी फजुल खर्चहरूलाई घटाइयोस् भनी म खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्न चाहन्छु । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत २२२१२ इन्धनमा रहेको जुन शीर्षक छ त्यसमा १ सय रुपैयाँ घटाइयोस् भनी म प्रस्ताव प्रस्तुत गर्न चाहन्छु । यसले मितव्ययिता अपनाउँछ, पारदर्शिता कायम हुन्छ । किनभने यो बजेटमा पहिले २५ थियो अहिले ४५ बनाएको छ अहिलेको यो सङ्क्रणको अवस्थामा किन यति धेरै बढाइयो भन्ने मेरो कुरा हो । त्यसैगरि श्रम तथा रोजगार, सामाजिक सुरक्षा मन्त्रालयको २२१४१ मा पधादिकारी बैठक भत्तामा यसलाई मितव्ययिता फजुल खर्चमा कम गर्नको लागि यो खर्च घटाइयोस् भन्ने इच्छा शक्तिका आधारमा अब हामी साँच्चै पारदर्शिता र फजुल खर्चलाई घटाउछौँ भनी इच्छा शक्ति देखाउनुको लागि सरकार र सम्बन्धित मन्त्रालयलाई यो दृढ इच्छा शक्तिका साथ यो खर्च कटौतीको प्रस्ताव स्वीकार गरिदिनु हुन म हार्दिक अनुरोध गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको भूमिहीन दलितहरूलाई आवास र जमिन उपलब्ध गर्ने भन्ने अहिलेको कार्यक्रममा रहेको छ । त्यस कार्यक्रममा न त दलितहरूको पहिचान हुन सकेको छ न त भूमिहीनहरूको पहिचान हुन सकेको छ, न आवास नै निर्माण हुन सकेको छ । त्यसैले यो नाराले मात्र सिमित हुने हो कि ? त्यसैले यसलाई प्रभावकारी कार्यान्वयन गर्न के विधि अपनाइएको छ त्यो विधिहरू स्पष्ट रूपमा भएको छैन स्पष्ट रूपमा रहनु पर्छ भन्ने मेरो धारणा हो । त्यसैगरि भूमि बैङ्क स्थापना गर्ने भनेर भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत रहेको छ । बाँझो जमिनहरू जहाँ धेरै छन् स्थानीय तहहरूमा यहाँ भूमि बैङ्कको रूपमा स्थापना गर्नु पर्छ भन्ने छ । अहिलेसम्म सरकारले न त स्थानीय तहमा कति बाझो जग्गाहरू छ भनेर तथ्याङ्क सङ्कलन गर्न सकेको छ, न त भूमि बैङ्क स्थापना गर्नेतिर प्रेरित हुन सकेको छ । त्यसैले यो नारामा मात्र सिमित हुने हो कि ? भनेर म सरकार र मन्त्रालयको ध्यान आकर्षण गर्न चाहन्छु । त्यसैगरि भूमि सुधारमा भूमि व्यवस्था मन्त्रालयले अब जमिनहरूलाई खण्डीकरण भइरहेको छ, बस्ती विकास भइरहेको छ । सुरक्षित बस्ती विकासको लागि भू-उपयोग नीति कहाँ खेती गर्न उपयुक्त हुन्छ, कहाँ बागबानीको लागि उपयुक्त हुन्छ कहाँ नगदे बालीको उपयुक्त हुन्छ, कहाँ बस्ती बसाल्नको लागि उपयुक्त हुन्छ भनेर त्यो बर्गीकरण गर्न आवश्यक छ । त्यो बर्गीकरणका रूपमा अझ प्रभावकारी रूपमा आउनु पर्छ भन्ने मलाई लागेको छ ।

त्यसैगरि श्रम तथा रोजगार मन्त्रालय अन्तर्गत अहिले कानूनमा र कार्यक्रमहरूमा श्रम मैत्री कार्यक्रमहरू छैनन्, उद्योग प्रतिष्ठानहरू अहिले पनि श्रमिक मैत्री बन्न सकेका छैनन् । न्यूनतम् पारिश्रमिक अहिले श्रमिकहरूले पाउन नसकिरहेको अवस्था छ । प्रधानमन्त्री रोजगार कार्यक्रमकै हामीले कुरा गरौं । विगत वर्षमा ८ अर्ब थियो अहिले यसलाई ११ अर्ब ६० करोड बनाएको छ । विगतको वर्ष बाँदर धपाउने, झार उखेल्ने रूपमा प्रयोग भयो न त्यसले उत्पादकत्व बढाउन सक्यो न रोजगारीका अवस्थाहरू सिर्जना गर्न सक्यो । नेकपाको सदस्य भएको हैसियतले त्यो रकम खर्च गर्न पाउने र रोजगारीको नाममा पैसा दुरुपयोग गर्ने नियति बढ्यो । फेरि पनि त्यो दोहोरिन्न भन्न सकिँदैन । त्यतातर्फ पनि सरकारको ध्यान जान जरुरी छ भन्ने मलाई लाग्छ । यसैगरि श्रमिकलाई सहुलियत व्याजदर ऋणमा ५ प्रतिशतमा १० लाखसम्म ऋण दिने भन्ने भनेर श्रम तथा रोजगार मन्त्रलाय अन्तर्गत चालु आ.व. मा थियो । तर त्यो ५ प्रतिशत व्याज दिने कुराहरू जुन व्याज वितरण गर्ने प्रकृयाहरू सहज नभएका कारण श्रमिकहरूले त्यो सहुलियत प्राप्त गर्न सक्नु भएन । त्यसैले त्यो त्यतातिर पनि सरकारको ध्यान जान जरुरी छ । त्यो अत्यन्त झञ्झटिलो थियो त्यो सजिलो बनाइयोस् भनेर म सरकारसँग अग्रह गर्न चाहन्छु ।

त्यसैगरि श्रमिकले उत्पादन गरेको वस्तुहरू अहिले पनि बजार व्यवस्थापन नभएको कारणले विचौलियाहरूले यो श्रमिकले उत्पादन गरेको वस्तुहरू बजारसम्म आइपुग्दा विचौलियाले नाफा पाउने हुन्छ । श्रमिकको हातमा प्राप्त गर्न सक्दैन । त्यसैले श्रमिकको हातमा प्राप्त गर्नको लागि स्थानीय तहको नेतृत्वमा सरकारी, सहकारी, अर्धसरकारीहरूको संयन्त्र निर्माण गरेर स्थानीय तहको नेतृत्वमा श्रमिकले पाउने गरेर त्यो संयन्त्र निर्माण गर्न

पर्छ भन्ने मलाई लागेको छ । अर्कोतर्फ अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरूले सामाजिक सुरक्षामा अझ पनि आवद्ध हुन सकेका छैनन् । आवद्ध हुन नसक्दाखेरि उनीहरूले पाउने राहत उद्धार, उपदान केही पनि प्राप्त गर्न सक्दैनन् । त्यसैले सामाजिक सुरक्षा कोषमा आवद्ध गरेर उनीहरूलाई उपदान, पेन्सन पाउने व्यवस्था भयो भने भोलिका दिनमा काम गर्न नसक्ने अवस्थामा पनि श्रमिकहरू बाँच्न पाउने अवस्थाको सिर्जना हुन्छ भन्ने कुरा मलाई लागेको छ ।

त्यसैगरि श्रम तथा रोजगारको अवस्थामा अहिले विदेशबाट आउने कैयौं नेपालीहरू भारतहुँदै आएका कति सिमानामा अलपत्र छन्, कति आएका छन् र आफूले रोजगारी गुमाएको अवस्था छ । त्यो अवस्थामा राहत अहिले तत्काल पाउनु पर्ने राहत प्याकेज कार्यक्रमहरू पनि व्यवस्था भएको छैन र सँगसँगै रोजगारी गुमाएर आएकाहरूलाई पनि भोलिका लागि रोजगारी अब फेरि रोजगारी प्राप्त गर्न विदेश जान सक्ने अवस्था छैन । यो कोरोना भाइरसको-१९ को कारणले गर्दा तत्काल रोजगारी अवस्था सिर्जना गर्नको लागि पनि सरकारले त्यतातर्फ ध्यान दिएको मलाई लाग्दैन । त्यसैले त्यतातर्फ ध्यान दिनको लागि सरकारलाई म आग्रह गर्न चाहन्छु र सँगसँगै विदेशमा रहेका श्रमिकहरूलाई ल्याउने कुरामा पैसा खर्च गर्न सक्ने, हवाई खर्च व्यहोर्न सक्ला ? क्वारेन्टाइन आफै व्यवस्था गर्न सक्ला ? के श्रमिक जसले पैसा खर्च गर्न सक्दैन त्यो आउन नपाउने ? त्यसैले त्यतातर्फ हुनेको लागि मात्र सरकार, सरकार सबैको लागि अभिभावक हो कि होइन ? त्यतातर्फ पनि सरकारको ध्यान जान जरुरी छ । "कोही भोकै मर्दैनन्" भन्ने जप गरेर मात्र श्रमिकको पेट भरिने हो कि ? अब साँच्चै श्रमिकलाई रोजगारीमा संलग्न गराउनको लागि रोजगारीबाट आय आर्जन गर्नको लागि श्रमिक मैत्री रोजगारीका व्यवस्थाहरू सिर्जना गर्नु पर्ने हो । त्यतातर्फ सरकारको ध्यान जाओस् भनेर म ध्यान आकर्षण गराउन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, खानेपानी सबैको लागि खानेपानी हाम्रो संविधानको मौलिक हकमा पनि रहेको छ । ९४ प्रतिशत जनतालाई खानेपानी पुऱ्याउने भन्ने कुरा भनिएको छ । मेलम्ची खानेपानी एकादेशको कथा भएको छ । कहिले त भुकम्पको बाहना गऱ्यो, कहिले COVID–19 को बाहना गऱ्यो, कहिले त त्यहाँको ठेकदार भाग्यो भनेर त्यसैको नाटक गऱ्यो साच्चै घोषणा गर्दै जाने हो कि मेलम्चीको पानी कहिलेसम्म आउने हो । त्यसबारेमा स्पष्ट गराउन म सरकारलाई आग्रह गर्न चाहन्छु ।

त्यसैगरि सूचना तथा सञ्चार मन्त्रालयले यो सरकारको निर्माण भएसँगै मिडिया विधेयकले प्रेस स्वतन्त्रतालाई अङ्कुश लगाउने काम गऱ्यो । अहिले पनि बजेटमा डिजिटल स्वतन्त्रता, इन्टरनेट साक्षरता जस्ता विषयहरू समेटिएका छैनन् सम्माननीय अध्यक्षज्यू, बजेटमा अनलाइन पत्रिकाहरूलाई लोककल्याणकारी विज्ञापन दिने उल्लेख छ । सरकारको गुणगान गाउनेलाई मात्र दिने हो कि ? साँच्चै सबै पत्रकारिताहरूलाई पनि यो अनलाइन लोककल्याणकारी विज्ञापन प्राप्त गर्ने हो ? यस बारेमा पनि स्पष्ट गराइदिनु हुन म आग्रह गर्न चाहन्छु ।

त्यसैगरि महिला तथा बालबालिकाका कार्यक्रम अन्तर्गत अहिले राष्ट्रपति महिला उत्थान कार्यक्रमहरू लक्षित समुदायसँग उद्यमशीलता जोड्ने कार्यक्रमहरू त्यहाँ पुग्न सकेको छैन । त्यतातर्फ पनि सरकारको ध्यान जान जरुरी छ, मन्त्रालयको ध्यान जान जरुरी छ । महिला श्रमिकहरू, बालश्रमिहरू, सामाजिक सदाका लागि जुन भेदभाव छ त्यो अन्त्य गर्ने भनिएको छ । अझ पनि बालश्रमिकहरू अन्त्य हुने कुराहरूको संयन्त्र निर्माण, त्यसको प्रभावकारी कार्यान्वयनको अभाव देखिरहेको छ । महिलामाथि हुने लैङ्गिक हिंसा अन्त्य गर्नको लागि विशेष कार्यक्रम यहाँ व्यवस्था गरिएको छैन सम्मानीय अध्यक्षज्यू । आज धेरै संशोधन, धेरै मन्त्रालय भएको हुनाले संशोधन सहित आएका कुरा राख्ने भएकोले थोरैमा म अन्त्य गर्न चाहन्छु । त्यसैले त्यो संयन्त्रको निर्माण गर्न जरुरी छ अहिले पनि क्वारेन्टाइनमा महिलाहरू बलात्कार भएका छन् । हिजो मात्रै कैलालीको चुहा नगरपालिका वडा नं. १ मा ३१ वर्षीया महिला सहिद स्मृति माध्यमिक विद्यालयमा क्वारेन्टाइनमा ३ जना स्वास्थ्यकर्मी सहित सामुहिक बलात्कारको हिंसा भोग्न बाध्य छन् । अहिले पनि बोक्सीको आरोपमा कैयौं महिलाहरू त्यो अपराधबाट पीडित हुन बाध्य छन् । त्यसैले महिलाहरूलाई उद्दार गर्नको लागि हेल्प डेस्कको रूपमा त्यो संयन्त्र निर्माण गर्नको लागि महिला सुरक्षा प्रदान गर्नको लागि सरकारले त्यतातर्फ ध्यान दिन जरुरी छ भन्ने मलाई लाग्दछ । त्यसैले सरकारको त्यतातर्फ ध्यान पुगेको छैन । अहिले पनि महिलाहरू बलात्कृत भएका छन्, हिंसाबाट पीडित भएका छन् । महिलाहरूले अझ पनि आफ्नो स्वतन्त्रतापूर्वक अभिव्यक्त गर्ने अधिकारहरू प्राप्त नगरेको अवस्थामा अझ अहिले यो कोभिड-१९ को आक्रान्तमा क्वारेन्टाइनमा महिलाहरू बलात्कारको शिकार भइरहेका छन् । विदेशबाट आउने महिलाहरू बलातकृत गरेका छन् यो अवस्थामा महिला सुरक्षाको लागि ........(समय सकिएकोले माइक काटिएको) ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, खर्च कटौतीको प्रस्तावको प्रस्तावक माननीय रमेशजङ्ग रायमाझीलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजको लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरू माथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँदछु । समय १० मिनेट ।

माननीय रमेश जंग रायमाझी ।

**माननीय श्री रमेश जंग रायमाझी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, आज म खर्च कटौतीको प्रस्तावभन्दा पहिले यो राष्ट्रिय सभा प्रतिनिधि सभाले पास गरेर पठाइसकेको यो बजेट हामीले यो छलफल गर्नु हुन्छ कि हुँदैन । अब एउटा प्रतिनिधि सभाले यसैको बजेट हामीले फेल गरेर पठाउँदाखेरि त्यो बजेट फेल हुने हो कि होइन ? त्यसकारण पहिले मलाई के लाग्छ यो बजेटको विषयमा छलफल गर्दा पहिले राष्ट्रिय सभामा टेवुल गरेर, राष्ट्रिय सभाबाट छलफल गरेर अनि पास गरेर प्रतिनिधि सभामा जानु पर्दथ्यो । अनि

यसको राष्ट्रिय सभाको महत्व पनि बढ्थ्यो भन्ने मलाई लाग्छ । त्यही पनि आज बजेटको खर्च कटौतीको शिलशिलामा उपस्थित भएको छु । यो वन मन्त्रालय अन्तर्गत यो ११ वटा मन्त्रालयमध्ये वन तथा वातावरण मन्त्रालय अन्तर्गत ३२९०० शीर्षकमा र २११३४ कर्मचारी बैठक भत्तामा यो कर्मचारीहरूको उच्च तहको कर्मचारीहरूको बैठक भत्ताबाट चाहिँ कटौती गर्नु पर्छ १ रुपैयाँ भन्ने प्रस्ताव पेश गर्न चाहन्छु । किनभने अहिले मितव्ययिताको कुरा अर्थमन्त्रीज्यूले गर्नु भएको कारणले यसमा मेरो अलि विशेष हिसाबले जोड छ । वन मन्त्रालयमा के छ भने वन मन्त्रालयमा विरुवा रोपिन्छ वन मन्त्रालय अन्तर्गत विरुवा रोप्छन्, विरुवा रोपिसकेपछि त्यो विरुवा त्यसमा पानी हाल्ने कि नहाल्ने ? त्यसलाई संरक्षण गर्ने कि नगर्ने ? अनि हजारौँ, लाखौ, करोडौँ विरुवाहरू रोपिए यो मन्त्रालय अन्तर्गत अहिले त्यहाँ त्यो ठाउँ जस्ताको तस्तै त्यो पहाडको डाडा जस्ताको तस्तै, जस्तो थियो उस्तै अवस्थामा ठाउँमा छ । त्यसकारण यो रोप्ने मात्रै काम हो कि रोपेको चीजलाई फलाउने फुलाउने पनि काम हो ? मन्त्रालयले ? र अर्को एउटा कुरा विगतमा हामी कैलालीतिर जाँदाखेरि हामीले देख्यौँ राष्ट्रिय निकुञ्ज बर्दियामा यहाँ पनि अहिले पैसा छुट्याएको छ २० लाख रुपैयाँ डढेलो, डढेलोको लागि २० लाख रुपैयाँ नियन्त्रण गर्ने भनेर छुट्याइएको छ । त्यो जंगलमा यसरी डढेलो यसरी लागेको छ न नियन्त्रण छ, न केही छ, न केही गरेको छ जङ्गलमा भएका त्यहाँ जनावरहरू पंक्षिहरू बाटाभरि निस्केका छन्, भौताएर यताउता कुदिरहेको अवस्था थियो सम्माननीय अध्यक्ष महोदय ।

त्यसकारण पनि यो पैसा खालि नियन्त्रण गर्नेको नाममा पैसा छुट्याउने तर नियन्त्रण चाहिँ नहुने आगो लागेको रमिता हेरेर बस्ने दृष्य देख्यो । यो पैसा आगो लगाउने र पैसा खर्च भएको शीर्षकमा देखाएर पैसा खाने र त्यहाँको जनावरहरूलाई पनि विचलित बनाउने अवस्था देखियो । त्यसकारण यो वातावरणसँग जोडिएका वन मन्त्रालय अब पहिले-पहिले हामीले भन्थ्यौँ “हरियो वन नेपालको धन” अब अहिले नयाँ फेरि कार्यक्रम ल्याएका छौँ अहिले बैज्ञानिक वन भनेर पुराना रुखहरू काट्ने नयाँ रुखहरूलाई खालि लगाएको जस्तो गर्ने । त्यस्तो उन्नत जातको रुखहरू नलगाउने र त्यसलाई अगाडि बढाउन सकिरहेको मैले देखिरहेको छैन र अहिले भनिन्छ हामी २० percent अझै थप हामीले उपभोक्ताहरूलाई काठ उपलब्ध गराउन सक्यौँ भनेको छ । ढलापढाको लकडीहरू अहिले पनि डिपो-डिपोहरूमा जहाँ वन कार्यालयको डिपो छ त्यहाँ ल्याएर राखेर बर्षौंदेखि राखेर त्यो कुहिएर जान्छ तर त्यसलाई लिलाम गरेर राजस्वमा पैसा उठाउने काम मन्त्रालयले गरेको देखिँदैन, वन विभागले गरेको देखिँदैन । त्यसकारणले मैले यो कुरा राखेँ । अब कानून मन्त्रालयको कुरा छ कानून मन्त्रालयमा सर्वोच्च अदालतमा २१/२२ हजार मुद्दाहरू छन् । त्यो मुद्दाहरूलाई अन्तिम किनारमा पुऱ्याउनको लागि बजेट थप गर्नु पर्ने हो । मान्छेले समयमा न्याय पाएन भने त्यो न्याय पाएको अर्थ हुँदैन भनिन्छ कानूनमा । अब अहिले चाँहि फेरि बजेट कटौती गरिएको छ त्यहाँ अझै त्यो चाँहि मुद्दाको लागि अझै तालिमहरू दिने, अरू-अरू पूर्वाधारहरू तयार गरिदिने सरकारले त्यो क्षेत्रलाई जनतालाई न्याय दिलाउनको लागि कानून मन्त्रालयमा बजेट अलि थपिनु पर्दथ्यो बजेट कम भएको जस्तो मलाई लागिरहेको छ ।

भौतिक पूर्वाधार मन्त्रालयको त कुरा गर्ने हो भने अब यो संघीयता नै अस्वीकार अर्थमन्त्रीले र भौतिक योजना मन्त्रीले संघीयतालाई नै अस्वीकार गरेको जस्तो मैले देख्छु । किन भने ५ लाख १० लाख बजेटहरू हालिएको छ अब संघीयता हामीसँग स्थानीय निकाय छ, संघ, प्रदेशमा सरकार छ । तिनीहरूको काम के ? ५ लाख १० लाख रुपैयाँ यहाँ सत्तापक्षको माननीयको प्याडमा लेखिएको भरमा हालिदिने हो भने यस्तो खालको यो संघीयतालाई यो सरकारले अस्वीकार गरेकै हो भने भन्नु पर्‍यो कि ? नत्र भएदेखि यस्तो खालको बजेट हालेर जुन तरिकाले बजेट हालिएको छ र बजेटमा जसरी शीर्षकहरू छुट्याइएको छ, पैसाहरू छुट्याइएको छ यो अहिलेको अवस्थामा यस्तो खालको बजेटहरू छुट्टिनुहुँदैन भन्ने मलाई लागेको छ ।

खानेपानीको कुरा गरौँ भने COVID–19, हात धुनु पर्ने कहाँ हात धुने ? पानी छैन । यहाँ कल गाड्यो भने पानी आउँदैन । काठमाडौँमा ठुलो ठुलो बोरिङ्ग गर्नु पर्छ लाखौँ रुपैयाँ लगानी गरेर अनि घरपट्टि डेरामा बस्ने मान्छेलाई घरपट्टिले पानी एउटा निश्चित पानी दिन्छन् । मेलम्ची कैयौँ वर्षैदेखि सुन्दै आएको छु । मेलम्ची सुन्दा-सुन्दा वाक्क भइसक्यो । पानी खानभन्दा पनि पानी पाउने छैन र खानेपानीको दयनीय अवस्था छ खानेपानी मन्त्रालयको । त्यस्तै खानेपानी मन्त्रालय आर्सेनिकमुक्त खानेपानीहरू गाउँगाउँमा मान्छेहरूले खान पाइरहेको अवस्था छैन अहिले पनि हिलो पानीहरू खाइराख्नु परेको छ त्यसकारण पनि सरकारको ध्यान पनि यतातिर जाओस् भन्न चाहन्छु । खुला दिसामुक्त क्षेत्र हामीले घोषणा गर्दछौँ । घोषणा मात्र गरिदिन्छौँ त्यहाँदेखि हामी कार्यान्वयनको पक्षमा जाँदैनौँ । त्यो गाउँमा खुला दिसामुक्त क्षेत्रलाई एउटा व्यवस्थित रूपमा अगाडि बढेको छ कि छैनभन्दा त्यहाँ सबै मान्छेहरूको घरमा ट्वाइलेट छैन । हामीले देखेका छौँ त्यस्तो ट्वाइलेट नभएका घर अहिले पनि छन् र खोलाको डिलमा बाँसघारीमा गरेर अहिले पनि केही मान्छेहरू अहिले पनि गर्दछन् । तर हामी मुक्त घोषणा गरिरहेका छौँ । नगरपालिका गाउँपालिकाले त्यो काम गरिरहेको देखिन्छ । त्यसैगरि अब युवा तथा खेलकुद मन्त्रालयलाई मैले हेर्छु । अहिले अलिकति पहिलेभन्दा खेलकुदमा अलिकति चासो देखाएको जस्तो देखिन्छ तर यतिले पुग्दैन । जबसम्म राष्ट्रले आफ्नो युवाहरूलाई सङ्गठित बनाएर सुस्वास्थ्यको क्षेत्रमा अगाडि बढाउन सक्दैन र खेलकुदलाई ध्यान दिँदैन खेलकुद भनेको संसारभरिको एउटा आइडेन्टि बनाउने हो । परिचय बनाउने हो संसारभरि नेपाल भन्ने देशको मान्छे एउटा ओलम्पिकमा गएर खेलेर जित्यो भने त्यसले संसारभरि नेपाल भन्ने कहाँ छ ? नेपाल भनेको देश भनेर आफ्नो आइडेन्टिटी बनाउँछ, आफ्नो पहिचान बनाउँछ ।

त्यसकारण खेलकुदलाई जति बजेट चाहिन्थ्यो, जति कवड हलहरू बनाउनु पर्दथ्यो, जति स्टेडियमहरू बनाउनु पर्दथ्यो त्यसको लागि बजेट पनि छुट्टिएको जस्तो लाग्दैन र खेलकुद मन्त्रीजी पनि यसमा सन्तुष्ट भएको जस्तो लाग्दैन मलाई । बजेटको पर्याप्त मात्रामा पुगेको जस्तो लागेको छैन । अब सञ्चार क्षेत्रको फोरजी अहिलेसम्म कहाँ छ ? एउटा दुई वटा शहरमा मात्र फोरजी चल्छ । फोरजीलाई कहिलेसम्म सूचारु गर्ने हो ? यसको योजनाहरू के छ ? सञ्चार क्षेत्रमा अब सञ्चारमा यही फोरजीलाई र यही कुरालाई राखेँ र अब अर्थमन्त्रालयको हामीलाई मन्त्रीज्यूलाई भन्यौँ हामीहरूलाई गाउँमा हामीले

ल्याएका योजनाहरू के कति समावेश हुन सक्छ ? के-के गर्न सकिन्छ ? समस्या त्यहाँ हामीले देखेका छौँ गाउँमा त्यो समस्या तपाईले बुझ्नु भएको हुँदैन । तपाई काठमाडौँमा बस्नु हुन्छ, हामी गाउँ पुगेका हुन्छौँ । त्यो योजना हेरिदिनुहोस् भनेर मन्त्रीलाई पटक-पटक भन्दाखेरि यो मैले हेर्ने होइन भन्नु भो तर बजेट यहाँबाट हेरिदैन यो सबै संघमा पैसा जान्छ भन्नु भयो तर संघमा पैसा गएन । उहाँलाई मन परेका मान्छेहरूको बीचमा अर्थमन्त्रालयको पैसा छुट्टियो र मैले फेरि दोहोऱ्याउँछु र यो संघीयता अर्थमन्त्रालयले न स्वीकार गरेको, यो सरकारले न स्वीकार गरेको अब हात्ति चडेर अमेरिका पुगेको छैन भनेको जस्तो संघीयता अहिले पनि स्वीकार नगरेको हो कि । अब श्रम मन्त्रालय अहिले जटिल अवस्थामा छ । हामी श्रम मन्त्रालय अन्तर्गत धेरै मान्छेहरू यसमा रोजगार भएर बसेको र अहिले धेरैले रोजगार गुमाउनु परेको अवस्था छ । गुमाएर नेपाल फर्किएपछि ती मान्छेहरूलाई अझै यहाँ पनि बेरोजगार भइरहेका मान्छेहरूलाई सरकारले रोजगारको लागि ११ अर्ब रुपैयाँ छुट्याएको देखिन्छ । त्यो पर्याप्त हुन्छ कि हुँदैन ? कुन क्षेत्रमा कसरी रोजगार कायम गर्ने ? कुन क्षेत्रमा कसरी रोजगार आउँछ ? कुन क्षेत्रमा कसरी रोजगार दिन सकिन्छ ? भनेर कुनै कार्यक्रम देखिएन । बजेट मात्र छुट्याएर कार्यक्रम बन्दैन र कार्यक्रमको लागि रोजगार त्यही मात्र होइन अहिले त हामी बैदेशिक बेरोजगार भनेर हामी अरु देशलाई मात्रै भनिराखेका छौँ । तर हिन्दुस्तानबाट पनि हाम्रो बैदेशिक रोजगारमा धेरै मान्छेहरू हुनुहुन्छ । हामीले धेरै ठुलो रकम रेमिट्यान्स भारतबाट पनि ल्याउछौँ र भारतबाट अहिले धेरै मान्छेहरू नेपाल आइरहेको अवस्था छ । त्यसकारण पनि नेपाल आउने मान्छेहरू नेपाल आएका बेरोजगारहरूलाई पनि सरकारले के सोचेको छ ? विकल्पकको रूपमा यिनै कुराहरूलाई राख्दै आजको यो बजेट सम्बन्धित छलफलबाट विदा हुन चाहन्छु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब आजको लागि निर्धारित विनियोजन शीर्षकहरू माथिको छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको नाम दलीय आधारमा प्राप्त हुन आएको छ । म उहाँहरूलाई क्रमशः समय उपलब्ध गराउँदछु ।

माननीय भैरव सुन्दर श्रेष्ठ समय ७ मिनेट । यसपछि माननीय कविता बोगटी ।

**माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)ः**- सम्माननीय अध्यक्षज्यू, हामीले २०७७/७८ को बजेट आइसकेको छ । बजेट अनुरुप हामीले विभिन्न मन्त्रालयका विनियोजित शीर्षकहरूमाथि आज हामी छलफल गर्न गइरहेका छौँ । आज प्रस्ताव गरिएका ११ वटा मन्त्रालय, ११ वटा मन्त्रालय अन्तर्गत मैले सबै मन्त्रालयकोसँग सम्बन्धित रहेर म आफ्ना कुराहरू राख्न सक्दिनँ किनभने मसँग थोरै समय छ । यसले गर्दा मैले १/२ वटा मन्त्रालयको सन्दर्भमा आफ्नो कुराहरू राख्न चाहन्छु । आज यो भौतिक तथा यातायात मन्त्रालय, श्रम रोजगार र सामाजिक मन्त्रालय र वन तथा वातावरण, युवा यति

नै मन्त्रालयको बीचमा मैले राख्ने कुरा जानकारी गराउँन चाहन्छु । भौतिक मन्त्रालयले यो भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जुन खालका योजनाहरू प्रस्ताव गरेको छ । विभिन्न शीर्षकहरू हेर्दा करिब २१८८ भन्दा पनि अझ बढी चाहिँ योजनाहरू ती विनियोजित भएका शीर्षकहरू देखिन्छन् । जहाँ चाहिने स्थानीय पुल, सडकमा, सडक पूर्वाधार तथा विकास कार्यक्रम र राजमार्गको स्तरउन्नति र तथा पुनःस्थापनामा, त्यस्तै तराई, मधेस, सडक पूर्वाधार विशेष कार्यक्रम र यसरी सबै योजनाहरू छुट्याएको छ । र यतिखेरको विनियोजन शीर्षक चाहिँ हेर्दाखेरि भौतिक पूर्वाधार मन्त्रालयले अत्यन्त न्यायोचित समान हैसियतमा सबैलाई छुने गरी विनियोजन गरेको देख्दाखेरि खुसी पनि लागेको छ । यो विकासको मेरुदण्ड भनेको सडक हो भन्ने दुई मत नै छैन । यो हामी विशेष गरेर कर्णालीतिर रहनेहरू, सुदूरपश्चिमतिर रहनेहरू यही सडकको सञ्जालसँग नजोडिएको कारणले हामीले निकै ठुलो कष्टकर जीवन बिताउन हामी विगतमा बाध्य भयौं । अहिलेको वर्तमान सरकारले त्यो कर्णाली र सुदूरपश्चिमलाई विशेषगरि अहिलेको बजेट निनियोजनले सम्बोधन गरेको छ । हिजो हामी कर्णाली प्रदेश र सुदूरपश्चिमलाई विगतका सरकारहरूले अत्यन्त अन्याय गरे भनेर हामी डेलिकेसन गर्ने गर्थ्यौं । आज त्यो डेलिकेसन यो सरकारले पूरा  गरेको छ । विशेष गरेर कर्णाली प्रदेशलाई अझ बढी फोकस गरेर यो बजेटमा विनियोजन गरेको छ । म वर्तमान सरकार र भौतिक पूर्वाधार तथा यातायात मन्त्रीज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु । त्यो के हुन् भन्दाखेरि र कर्णाली प्रदेशको डोल्पा जिल्लामा ती भर्खरै मलाई यो सडक सञ्जालमा जोडिएको छ ।

हुम्ला जिल्ला अहिले पनि सडक सञ्जालमा जोडिएको छैन । हुम्ला जिल्लालाई आगामी वर्षमा सडक सञ्जालमा जोडिनेछ भनेर एउटा उल्लेख्य मात्रामा बजेटको व्यवस्था गरेको छ । र कर्णाली प्रदेशमा ती विशेष गरेर सडकको बारेमा हामीले बारम्बार भन्दै आएका थियौं । कर्णाली जुम्ला सडकलाई विशेष ग्राह्यता दिइएको छ । त्यस्तै सुर्खेत दैलेखलाई विशेष ग्राह्यता दिइएको छ । अर्कोतिर भनेको नाग्मा-गमडढी र नाप्चे-नाग्ला जो उत्तरी नाकासँग र चीनसँग जोडिएको छ । त्यस्तै भेरी कोरिडोर र कणाली कोरीडोर जस्ता महत्वपूर्ण योजनालाई रकम विनियोजन गर्दिएर हामी उत्साहित भएका छौं । यो पटक नेपाल सरकारले त्यसैगरि भौतिक योजना मन्त्रालयले कर्णाली प्रदेशलाई विशेष रूपमा हेरेको छ भन्ने कुराहरू म राख्न चाहन्छु । यही शीर्षक अन्तर्गत तमाम कुराहरू हेर्दै जाँदाखेरि म मसिनो ढङ्गले ती योजनाका विषयमा जान चाहन्न र महत्वपूर्ण ढङ्गले राखेको विषयमा मात्र म कुरा राख्न चाहन्छु । पूर्व-पश्चिम राजमार्गलाई एसियाली मापदण्ड अनुरुको बनाउने जो ४ लेनको हुनेछ । यसलाई सुरक्षित द्रुतमार्गको रूपमा विकास गरिनेछ र यसलाई करिब-करिब १२ अर्ब २१ करोड रुपैयाँ चाहिँ विनियोजन गरेको छ वास्तवामा यो अत्यन्त राम्रो छ । निर्माणाधिन यो तराईका जिल्लाहरू जोड्ने हुलाकी राजमार्ग वर्षौंदेखि अलपत्र परेको थियो त्यसलाई आगामी ३ वर्षसम्म पूरा गर्ने गरी ७ अर्ब १ करोड रुपैयाँको विनियोजन गरेको छ यसले पनि हामीलाई उत्साहित तुल्याएको छ । त्यसैगरि पुष्पलाल मार्ग जो १७ सयभन्दा बढी लामो किलोमिटर भएको ताप्लेजुङदेखि बाजुरासम्मको जुन ओगटेको त्यो सडकले मध्यपहाडी राजमार्गभित्रका सबै त्यहाँका बस्तीहरूलाई त्यहाँका जनताको

जीवनस्तरलाई आर्थिक गतिविधिमा उल्लेख्य सुधार गरेर हुन्छ र यो पनि यसका बाँकी काम गर्नका निम्ति ३ वर्षभित्र पूरा गर्ने र यसमा करिब ८ अर्ब २७ करोड रुपैयाँ विनियोजन गरेको छ । यो सडकको बारेमा सुन्दाखेरि पनि खुसी लागेको छ । त्यसैगरि महेन्द्र राजमार्गलाई आगामी ५ वर्षमा हुने गरी ३ अर्ब ७ करोड रुपैयाँ व्यवस्था गरेको छ । त्यस्तै काठमाडौं निजगड द्रुतमार्गको लागि ८ अर्ब ९३ करोड रुपैयाँ विनियोजन गरेको छ । र त्यस्तै औद्योगिक र व्यापारिक मार्गको लागि २ अर्ब १ करोड ९६ लाख करिब २ अर्ब विनियोजन भएको छ । त्यसैगरि उत्तरी नाका र दक्षिणी सिमाना जोड्ने सडकको रणीतिक महत्वलाई दृष्टिगत गरेर डबल लेनमा गरेर निर्माण गर्ने र त्यसको स्तरउन्नति गर्ने र त्यहीसँग मेची, कोशी, तामाकोशी, त्रिशुली, कालीगण्डकी, भेरी र कर्णाली र महाकाली करिडोरलाई व्यवस्थित गर्नु पर्छ बनाउनु पर्छ भनेर ७ अर्ब १६ करोड रुपैयाँ बनाएको छ । यसले समग्रमा के देखिन्छ भन्दाखेरि वास्तवमा सरकारले एउटा विकासको गतिलाई समातेको छ । सरकारले जे कुरा भन्दै आएको छ ती कुराहरू पूरा गर्नको निम्ति यो बजेट विनियोजनले देखाएको छ । यसैगरि निर्माण कार्य सम्पन्न भएर सञ्चालनमा आएका सडक सम्पत्तिको नाममा आवश्यक पर्ने मर्मत् सम्भारका निम्ति भनेर १६ अर्ब ३० करोड रुपैयाँ विनियोजन गरेको छ । यस सँगै हामी रेल, सडक, जलयातायात, सडकका विषयमा पनि हामी रेल, सडक र जलयातायातको विषयमा हामी कुरा गर्छौं ती कुरा पूरा गर्नका निम्ति कसैको सम्भाव्यताको अध्ययन गर्ने, निर्माण कार्य सम्पन्न गर्ने, कुनै विद्युतीय निर्माणको निम्ति पनि सम्भाव्यता अध्ययन गर्नका निम्ति करिब ८ अर्ब ६६ करोड रुपैयाँ लिएर आएको छ ।

सम्माननीय अध्यक्षज्यू, मैले यी कुरा गरेर गरिरहँदा हामी यसलाई काठमाडौं, ललितपुर, भक्तपुरमा रहेको धुलाम्य सडकलाई धुलोमुक्त सडक बनाउँछु भन्ने कुरा गरिरहँदा हामी सबैलाई अचम्म लाग्थ्यो । वास्तवमा त्यो हुने हो कि होइन भनेर आज हामी देखिरहेका छौं, काठमाडौंका सबैजसो सडकहरू चिल्लो भएका छन्, राम्रा देखिएका छन् । धुलोमुक्त सडकहरूमा ती सडकहरू देखा परेका छन् । यी कुराहरू हिजो हामी नेपालीको बानी एउटा के छ भन्दाखेरि राम्रा काम गर्न लागे पनि विरोध गरेको छ, नराम्रो काम गरेमा विरोध हुनु पर्नेमा राम्रा कामका पनि विरोध भइरहेको छ । त्यो विरोध गरेको सुन्दाखेरि आफूलाई अचम्म लाग्छ, दुःख पनि लाग्छ । आज हामी काठमाडौंलाई नै उदाहरणको रूपमा दिन सक्छौं । त्यो धुलोमुक्त सहरहरूमध्ये जुन भनेका थियौं त्यस अनुरूप अहिलेको सरकार विशेष गरेर मन्त्रीज्यूले आफै खटेर जुन खालको निर्देशन दिनु भएको छ, जुन खालको अनुगमनको गर्नु भएको छ । त्यसले गर्दाखेरि छोटो समयमा पनि यति धेरै काम हुन्छ भन्ने कुराहरू देखाएको छ ।

अर्कोतिर यो श्रम तथा रोजगारतर्फ म भन्न चाहन्छु करिब ८ लाखभन्दा बढी युवाहरूलाई अहिले तत्काल ८ लाखभन्दा बढी युवाहरूलाई काम गर्न त्यो ठाउँ दिन सकिन्छ भन्ने कुरा सरकारले अघि ल्याएको कुरा आएको छ । यही भएर “आफ्नो गाउँ आफै बनाऊँ र चिनौं आफ्नो माटो बनाऊँ आफ्नो देश” भनेर यो भावनाका साथ हामी अगाडि बढ्नु पर्छ भन्ने कुरा यो सरकारले स्पष्ट रूपमा कार्यक्रम लिएर आएको छ । सम्माननीय

अध्यक्षज्यू, म अलिकति कुरा राख्न चाहन्छु एउटा महाथिरले महम्मदको प्रयासले विकसित मलेसिया बनाउन सक्छ । त्यसैगरि लि-क्वान यू को प्रयासले आधुनिक सिंगापुर बनाउन सक्छ । त्यसैगरि कुनै बेला जापानालाई अमेरिकाले फालिदिएको बमले तहसनहस भएको जापान कहाँ गइसक्यो ? त्यसैगरि चीन .......(समय सकिएकोले माइक काटिएको) ।

**पिठासीन**:- माननीय उपाध्यक्ष श्री शशिकला दाहाल ।

**सम्माननीय अध्यक्ष**:- माननीय कविता बोगटी । समय ७ मिनेट । यसपछि माननीय महेश कुमार महरा ।

**माननीय श्री कविता बोगटी (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, २०७७/०७८ सालको विनियोजन शीर्षकमाथिको विषयगत छलफलका सन्दर्भमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय अन्तर्गतको शीर्षकमा म केही भन्न चाहन्छु । यस अन्तर्गत राम्रा कुराहरू सञ्चार माध्यमबाट कानूनी सचेतना कार्यक्रम सञ्चालन गर्ने कुरा पनि अति नै राम्रो छ । यो वर्तमान परिप्रेक्षमा अति नै सान्दर्भिक कार्यक्रम रहेको छ । प्रदेश र स्थानीय तहका कानून र सोको कार्यान्वयनको अवस्था बारे पनि अध्ययन गर्ने, समिक्षा गर्ने कार्यक्रम यो पनि राम्रो छ । र कानून र न्यायको क्षेत्रमा काम गर्ने कर्मचारीको अहिलेको सन्दर्भमा पनि क्षमता उहाँहरूको अभिवृद्धि गर्ने कुराहरू पनि राम्रो कुरा हो । यसलाई सूक्ष्म तरिकाले विश्लेषण गरेर हामीले साँच्चैको समृद्ध मुलुक बनाउनको लागि दिगो विकासको लागि क्षमता अभिवृद्धि गर्ने कुराहरू पनि धेरै राम्रो छ र यसमा म के भन्न चाहन्छु भने एउटा मेरो सुझाव अहिले महिला बालबालिका तथा कानून मन्त्रीज्यूलाई म के भन्न चाहन्छु भने मुलुकी संहितामा अहिले २०७२ सालको अनुसार मुलुकी संहितामा अहिले पनि के छ भनेपछि एउटा महिलाले सम्बन्ध विच्छेद गरिसकेपछि उसले त्यो अर्को विवाह गर्दाखेरि उसको नाउँमा भएको सम्पत्ति छोडेर जानु पर्ने यो न्याय सङ्गत होइन र यसलाई यसको संशोधनको लागि मन्त्रीज्यूले पहल गर्नु पर्दछ कानून बनाउनको लागि भन्ने म अनुरोध गर्न चाहन्छु, यसमा यतिकै ।

महिला तथा बालबालिका मन्त्रालय अन्तर्गतको पनि म केही भन्न चाहन्छु । यसका राम्रा पक्षहरू छन्, धेरै राम्रा पक्षहरू छन् र सरसर्ति हेर्दाखेरि मेचीदेखि महाकालीसम्मको कुरा गर्दाखेरि यसमा चाहिँ त्यस्तो discrimination देखिँदैन महिला बालबालिका मन्त्रालय अन्तर्गतको विनियोजन जुन गरिएको छ यो अति नै न्याय सङ्गत मैले देखेको छु मेरो अध्ययनमा चाहिँ त्यस्तो लागेको छ । सम्माननीय अध्यक्ष महोदय, जैविक सेनिटरी प्याड बनाउने महिलाहरूद्वारा जुन सञ्चालित उद्योगहरू छ त्यसलाई प्रोत्साहन स्वरूप अनुदान दिने कुरा पनि अति नै राम्रो छ र महिला उद्यमी उद्यमशीलता विकास र वित्तीय पहुँच सम्बन्धी प्रशिक्षण र टेवा पूजीँ दिने कुराले पनि महिलाहरूलाई अति नै उत्साहित र एकदमै आत्मनिर्भर बनाउने कुरामा पनि अति नै राम्रो यो कार्यक्रम देखेको छु । यसलाई संघ र

प्रदेश र स्थानीय तहको समन्वय, सहकार्य र साझेदारीमा गर्ने कुरा छ । यसलाई हामीले effectively लिएर जानु पर्छ । यो अति नै राम्रो छ । संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा स्थानीय तहमा महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना गर्ने । यसले गर्दाखेरि महिलाहरूमा परनिर्भरता र समाजमा अन्याय सहनु पर्ने सामान्य पैसाको कारणले पूजीँ नभएर सामान्य समस्या आउँदाखेरि पनि उहाँहरूले आफ्नो समस्या समाधान गर्न नसक्ने अवस्थाबाट महिलाहरू अब अलि केही सहज हुने अवस्था देखिन्छ । यसले पनि महिला उद्यमीद्वार उत्पादित सामाजिक सामाग्रीहरूको एउटा स्टल जुन राख्ने कुरा छ त्यसको लागि लगानी गर्ने कुरा यो सरकारको एउटा निश्चित बजारको व्यवस्था गर्ने कुरा पनि अति नै effect एकदमै राम्रो छ । समय सान्दर्भिक रहेको छ । यो पनि अति नै राम्रो छ । सम्माननीय अध्यक्ष महोदय, यसरी एकल महिला सुरक्षा कोषमा रकम जम्मा गरिदिने कुराहरू उहाँहरूलाई आफ्नो जिविकोपार्जनको लागि त्यो कोषलाई परिचालन गर्न सक्ने कुराहरू पनि अति नै राम्रो छ । यसमा राकम तोकेर आएको छ । यो राम्रो कुरा छ । महिला हिंसा निवारण कोषमा पनि ६० लाख रुपैयाँ जुन राख्ने कुरा छ । सडक बालबालिकाको क्षेत्रमा पनि उल्लेख्य रूपमा यो समानुपातिक तरिकाले बजेट मेचीदेखि महाकालीसम्म राखेको मैले पाएँ । यो पनि राम्रो छ । त्यस्तै गरी हिंसा पीडित महिला, बालकालिकाको क्षेत्रमा पनि जुन एउटा कोष छ । त्यो पनि राम्रो छ । त्यसमा पनि करोडौं रुपैयाँ पनि लगानी गरेको देखेको छु । सम्माननीय अध्यक्ष महोदय, अब यही खालको हो भनेदेखि महिलाहरूलाई रोएर बस्नु पर्ने छैन । उद्यमी बनाएर उहाँहरू आत्मनिर्भर हुने खालको समाज अहिलेको वर्तमान परिप्रेक्षमा कोभिडले गर्दाखेरि महिलाहरूको अवस्था एकदमै नाजुक भइरहेको सन्दर्भमा पनि यो बजेटले साँच्चै न्यायिक रोल खेल्ने कुरा मलाई लागिरहेको छ । साथै यस मन्त्रालयगतको मेरो यति नै छ ।

सूचना तथा प्रविधि मन्त्रालय अन्तर्गत कर्णाली प्रदेशका हुम्ला, डोल्पा, मुगु, कालिकोट लगायतका जिल्लाका गाउँहरूमा अहिले पनि सूचना सञ्चारको राम्रो व्यवस्था हुन सकिरहेको छैन । टेलिफोन टावर पनि पर्याप्त छैन । भएको पनि त्यसको स्तर राम्रो छैन । सम्माननीय अध्यक्ष महोदय, वर्तमान परिप्रेक्षमा अन्य यही कन्ट्रीमा पनि जहाँ सुविधा सम्पन्न छ, त्यहाँ अत्यधिक रूपमा स्रोत साधनहरू वितरण भएको पाइन्छ भने अहिलेको context मा त त्यति छैन । त्यही पनि जति कर्णालीलाई त्यो चाहिँ त्यति अझै कन्जुस्याइँ भएको जस्तो मलाई लाग्छ यो अध्ययन गर्दाखेरि । त्यसको स्तरउन्नतिको लागि टेलिफोन टावरको लागि पनि राम्रो व्यवस्था, स्तरउन्नतिको व्यवस्था गर्नको लागि संघीय सरकारसँग अनुरोध गर्दछु ।

यस्तैगरि भौतिक पूर्वाधार अन्तर्गतको पनि यसमा पूर्ववक्ता माननीयज्यूले पनि भनिसक्नु भएको छ । राष्ट्रिय गौरबका आयोजनाहरू पनि आवश्यकता अनुसार बजेट छुट्याउने कुराहरू र राष्ट्रिय गौरबको आयोजना अन्तर्गतको हुम्ला-सिमीकोट कर्णाली कोरिडोरको हुम्ला-सिमिकोट मोटरबाटोको कुरा छ । त्यसमा पहिला पनि मैले भनिसकेको छु । ५० किलोमिटर त्यसको ट्र्याक खोल्न बाँकी रहेको छ । त्यसलाई नेपाली सेनालाई दिइयो भने मात्रै एक वर्षमा हुम्लामा मोटर पुग्न सक्ने सम्भावना देखिन्छ सम्माननीय

अध्यक्ष महोदय । त्यसैले म यही जोड दिन्छु कि पटक-पटक मेरो अनुरोध छ संघीय सरकारलाई सेनालाई यो दिइयोस् र सडक विभागबाट यसलाई ऊ गर्न पऱ्यो । सडक विभागले गऱ्यो भने यो ३ वर्षमा पनि ट्ऱ्याक खोलिने कन्डिसन छैन । कर्णालीलाई समृद्धि र परनिर्भरताको गरिबीको बाटोबाट उन्मुक्त गर्ने हो भनेदेखि छिटोभन्दाछिटो ट्रयाक खोल्नु पर्ने हुन्छ । सम्माननीय अध्यक्ष महोदय, त्यो भन्न चाहन्छु । त्यस्तैगरि अर्को के छ भने भूमि व्यवस्था मन्त्रीज्यूलाई मेरो एउटा सबै कुराहरू राम्रो छ । सुकुम्बासी आयोग पनि अब गठन भइरहेको छ । न्यायसङ्गत तरिकाले एकचोटि भूमिहीनलाई जग्गा दिने तीन वर्षमा आवासको व्यवस्था गर्ने कुरा अति नै राम्रो छ । अत्यधिक राम्रो छ, यो कार्यक्रमहरू, यो लागू होस् । यसले एकदम न्यायोचित तरिकाले साँच्चैको आवश्यकता भएको मान्छेले पाउनु पर्दछ । जीवनभरि बिहानदेखि बेलुकासम्म काम गर्ने र उहाँहरूलाई खान पनि नपुग्ने, बासको पनि व्यवस्था नहुने यो खालको अन्यायपूर्ण व्यवस्था हुनु हुँदैन । यसले पक्कै पनि अहिलेको यो बजेटले न्याय दिनेछ भन्ने मलाई लागेको छ ।

त्यसपछि जुन छ, महिला उद्यमशीलताको कुरा महिला सहकारीलाई दिने जुन अनुदान दिने कुरा छ । कर्णालीको सन्दर्भमा पनि हुम्ला जस्तो ठाउँमा अहिलेसम्म कनेक्टिभिटी नभएको कारणले गर्दाखेरि त्यहाँ आय आर्जनका कुनै गतिविधिहरू हुन सकेका छैनन् । त्यसमा पनि जुन मापदण्ड बनाइएको छ । ३ वर्ष त्यसले काम गरेको र निश्चित त्यसको बजेट जुन छ । त्यसमा आफ्नो पूँजी हुनु पर्ने कण्डिसनले हामीले त्यो अनुदान पाउन सक्दैनौं । सम्माननीय अध्यक्ष महोदय, त्यसोभएको हुनाले त्यसलाई पनि करेक्सन गर्न म माननीय मन्त्रीज्यूलाई अनुरोध गर्दै मेरो भनाइ यहीँ अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय महेश कुमार महरा । समय ७ मिनेट । यसपछि माननीय नन्दा चपाईं ।

**माननीय श्री महेश कुमार महरा (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी ०७७/७८ को विनियोज बजेटका विभिन्न मन्त्रालयका शीर्षक बजेटमाथि हामी छलफल गरिरहेका छौं । सम्माननीय अध्यक्ष महोदय, मलाई आज बडो दुःखका साथ भन्नु पर्छ । जसरी यहीँ सदनमा हिजो नेपाल सरकारले ल्याएको नीति तथा कार्यक्रमको एउटा दृढ र खुसीका साथ मैले समर्थन गरेको थिएँ । साथै बजेट वक्तव्यमा पनि मैले खुसीसाथ दृढ समर्थन गरेको थिएँ । तर यतिबेला यो विभिन्न मन्त्रालय अन्तर्गतको यो विनियोजिक रकममाथि छलफल गरिहँदा म त्यसरी खुसीका साथ दृढ भएर म समर्थन गर्न सक्ने पक्ष नरहेको कुरा म माननीय मन्त्रीज्यूलाई म ध्यानाकर्षण गराउन चाहन्छु । पहिलो कुरा, जुन नीति तथा कार्यक्रम आयो । नीति तथा कार्यक्रम अनुरूप यो आउनु पर्थ्यो तर यो आएन । अलिकति अन्तरविरोधी कुराहरू यहाँ देखिएका छन् । जहाँ नीति तथा कार्यक्रममा भनिएको छ । हाम्रो संविधानले पनि निर्दिष्ट गरेको कुरा, हाम्रो राज्य

व्यवस्था प्रणाली समाजवाद उन्मुख हुनेछ र त्यही अनुरुप बजेट व्यक्तव्यले पनि बोलेको थियो । त्यसपछि त्यहाँ एउटा समृद्ध नेपाल र सुखी नेपालीको नारा छ । त्यो राष्ट्रको आकांक्षा हो । त्यसलाई कसरी पूर्ति गर्ने ? त्यो बजेट व्यक्तव्यले पनि बोलेको छ । तर यहाँ विनियोजन बजेटतर्फ आइरहँदा त्यो देखिएन । म उदाहरण दिन चाहन्छु । म सुदूरपश्चिम प्रदेशबाट प्रतिनिधित्व गर्दछु । जहिले पनि यो सदनमा कुरा उठाउँदाखेरि लाग्न पनि सक्ला माननीय मन्त्रीज्यूहरूलाई केबल सुदूरपश्चिमको कुरा उठाउने कुरा मात्र गरिरहनु हुन्छ तर म यहाँ के भन्न चाहन्छु भन्दाखेरि त्यो कुरा मैले उठाएको होइन । त्यो सम्बन्धित मन्त्रालयहरूको त्यो रेड बुकले आफै बोलिरहेको छ । सुदूरपश्चिममा न्यायोचित, सन्तुलित बजेट गयो कि गएन ? कर्णाली र सुदूरपश्चिमबिना समृद्ध नेपाल र सुखी नेपालीको परिकल्पना गर्न सक्छौँ अध्यक्ष महोदय? कदापि हामी सक्दैनौँ । यो अब हिजोदेखि पछाडि परेका यी सुदूरपश्चिम र कर्णाली राज्यहरूमा यसपालि पनि यो विनियोजन बजेटमा खासै सम्बोधन हुन सकेन । रूप पक्षमा हेर्दाखेरि त सम्बोधन गरेको जस्तो देखिएको छ तर त्यसलाई केलाएर हेर्दाखेरि सार पक्षमा मैले देखेन सभा अध्यक्ष महोदय । म उदाहरण दिन चाहन्छु सुदूरपश्चिमको महाकाली करिडोर यो तेस्रो बजेट आउँदैछ । पहिलो बजेटमा पनि ३२ करोड विनियोजन गरिएको छ भने गत साल पनि ३२ करोड छ । यसपालि पनि ३२ करोड छ । त्यो कहिले सम्पन्न हुन्छ सभा अध्यक्ष महोदय ? कञ्चनपुरको ब्रम्हदेवदेखि दार्चुलाको टिङ्करसम्मको यो महाकाली करिडोर हो अध्यक्ष महोदय । त्यसो भएको कारणले रूपमा हेर्दाखेरि समेटिएको जस्तो छ । सारमा हेर्दा त्यो मैले पाइन । अर्को सुदूरपश्चिमको म एउटा उदाहरण दिन चाहन्छु अध्यक्ष महोदय । एउटा दिवीनगर दिपायल खुटिया सुरुङ्ग मार्ग छ । त्यसमा गत वर्ष पनि ५० लाख राखिएको छ र अघिल्लो वर्ष पनि ५० लाख थियो र यसपालि पनि ५० लाख छ अध्यक्ष महोदय । यो सम्झौता अध्ययन कहिलेसम्म गरिरहने अध्यक्ष महोदय ? त्यो कहिले हुन्छ ? रूपमा हेर्दा बडो मजा छ । यो साँच्चिकै समृद्ध नेपाल र सुखी नेपाली, सन्तुलित जस्तो पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म समेटिएको छ । तर यसको सारमा गएर हेरेको मैले पाएन अध्यक्ष महोदय । त्यसो भएको कारणले गर्दाखेरि यो अलिकता माननीय मन्त्रीज्यूलाई नमिठो लाग्ला तर यो यथार्थ कुरा हो यथार्थ कुरा भनिरहँदाखेरि मलाई कुनै आपत्ति भएन अध्यक्ष महोदय । यसैगरेर अर्को कुरो म के भन्न चाहन्छु भन्दाखेरि त्यो मेरो प्रदेश त सुदूरपश्चिम हो । डडेल्धुरा जिल्लाको कुरा गर्दाखेरि यो पुलहरूमा ५०/५० वा ४५/४५ लाखहरू जहिले पनि हुन्छ । न त्यो टेण्डर गर्न सकिने, न त्यो वर्षेनी पक्ष पेष्ट गरेर त्यो बुकमा छापेको जस्तो छ सम्माननीय अध्यक्ष महोदय । त्यसो भएको कारणले कहिले ठेक्का लाग्छन् र कहिले सम्पन्न हुन्छन् ? कहिले अगाडि बढ्छ ? यो विकासको गति कसरी अगाडि बढ्छ भन्ने म अध्यक्ष मार्फत् म मन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु ।

यस्तै गरेर यो म भौतिकतर्फको यो कुरा राखेर यसैगरि वनतर्फ आफ्ना केही कुरा राख्न चाहन्छु । वनतर्फ मेरो सुझाब र केही आफ्ना गुनासा राख्नु पर्दाखेरि जुन वन मन्त्रालयले प्रत्येक वर्ष वृक्षारोपणका कुरा गरेको छ । करोडौं बिरुवा उत्पादन गरेर रोपेका कुराहरू पनि आएको छ । तर त्यो प्रभावकारी भएन । त्यसलाई प्रभावकारी गर्नका निमित्त

प्रत्येक गाउँपालिकामा खाली जमिनहरू कहाँ छन् ? त्यहाँ वृक्षारोपण कसरी गर्नु पर्छ र त्यसको संरक्षण कसरी गर्ने भन्ने कुरा पालिकावाइज गर्नु प्रभावकारी हुन्छ र त्यसरी जाँदाखेरि राम्रो होला । अनि यस्तै एउटा विरोधाभाष कुरा के छ भने म मन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु सुरुमा गत वर्ष यो वैज्ञानिक वन व्यवस्थापन आउँदखेरि पनि मैले यो ठिक छैन भनेर यही सम्मानित सदनमा कुरा उठाएको थिएँ । कुरा उठाउँदा उठाउँदै त्यो नीति तथा कार्यक्रममा समेटियो पछि बजेटले पनि बोल्यो र विनियोजित मन्त्रालयगत आउँदाखेरि त्यो कार्यक्रम पनि आयो । यसपालि पनि त्यो आएको छ । नीति तथा कार्यक्रममा बजेटले पनि बोलेको छ र विनियोजन सम्बन्धित मन्त्रालय, वन मन्त्रालयमा हेर्दाखेरि त्यो वैज्ञानिक वन व्यवस्थापनका कुराहरू पनि आएका छन् । तर अचम्म लाग्दो कुरो के छ भने अध्यक्ष महोदय । त्यहाँ कार्यक्रम नीति तथा कार्यक्रममा छ र एक्कासी त्यो कार्यक्रम लागू भइरहको छ र क्याविनेटले निर्णय गरेर त्यो बैज्ञानिक वन व्यवस्थापनलाई बन्द गरिएको छ । यो आफैमा द्वैत नियत देखिएन र अध्यक्ष महोदय । यसो गर्नु हुँदैन, बरु कहाँ कमजोरी भएको छ । त्यो छानबिन गरेर कडाभन्दा कडा कारबाही गर्नुपर्यो होइन भने आफैले नीति तथा कार्यक्रम बनाउने अनि आफ्नै विरुद्ध आफैले निर्णय गरेर कही अगाडि बढ्न सकिन्छ र अध्यक्ष महोदय ? यो हुन सक्दैन, त्यसैले म सम्बन्धित मन्त्रीज्यूको म ध्यानाकर्षण गराउन चाहन्छु । यदि वन वैज्ञानिक व्यवस्थापन लागू गर्ने हो भने यो नेपालको हकमा उतिबेला पनि मैले भनेको थिएँ । यो नेपाली जनताले पचाउन सक्दैनन् । त्यो वैज्ञानिक वन व्यवस्थापनको अवधारणा एक ठाउँबाट काटेर लग्दाखेरि यसो हेर्दाखेरि उजाड, मरुभूमि देखिन्छ सारा जङ्गल त्यसलाई कसरी वृक्षारोपण गर्ने ? त्यो काउन्सिलको कुरा गर्नु पर्यो नि अध्यक्ष महोदय । यो हुन नसक्ने अनि कार्यक्रम ल्याउने र आफै फेरि लागू गर्ने र आफै फेरि बीचमा बन्द गरेर त्योबाट लाभान्वित हुने जनतालाई अलपत्र पार्नु हुँदैन अध्यक्ष महोदय । यो कुरा म वन मन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु ।

यस्तै गरेर महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको बारेमा आफ्नो कुरो भन्नु पर्दाखेरि यसमा मैले सरसर्ति हेरेँ । यो अपाङ्गहरूका निम्ति खासै यसले बोलेको छैन र बजेट गरेको पनि छैन । तैपनि अलिअलि बोल्न खोजेको छ । यसलाई अलि व्यवस्थित गर्नु पर्छ भनेर म मन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु । यस्तैगरि म भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको बारेमा पनि केही आफ्नो केही कुरा राख्न चाहन्छु । अहिले जुन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवरण मन्त्रालयले जुन भूमि हीनलाई भूमि दिने कुरा ल्याएको छ । यो अत्यन्तै राम्रो कुरा छ र यसको म समर्थन गर्न चाहन्छु । यस्तै गरेर अर्को कुरा जुन भूमि बैङ्कको कुराहरू पनि आएको छ । यो बारेमा स्थानीय तहबाट केही साथीहरूले कुरा पनि उठाउनु भएको छ । यो भूमि बैङ्कको आफैमा यो राम्रो कुरो छ तर यसलाई व्यवस्थित, यसलाई कुरा ल्याएर मात्र भएन । यसलाई भूमि बैङ्क कसरी निर्माण गर्ने र स्थानीय तहमा यस्ता थुप्रै खाली जमिनहरू छन् । यी खाली जमिनहरूलाई स्थानीय तहले कसरी दिन सकिन्छ छ ? न यसको कानून छ, न यसको निर्देशिका छ । त्यसो भएको कारणले यो कानून बनाएर अथवा निर्देशिका बनाएर के हुन्छ ? यो स्थानीय सरकारले गर्न सक्यो भने स्थानीय तहबाट यो भूमि बैङ्क अलि प्रभावकारी

हुन्छ र यसरी दिँदा हुन्थ्यो भन्ने कुरा म राख्न चाहन्छु । अर्को कुरा म भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीज्यूको म के ध्यानाकर्षण गराउन चाहन्छु भन्दाखेरि जुन सगरमाथाको मापनको कुरा थियो । यो कहाँसम्म पुग्यो ? यसपालि पनि यो सम्मानित सदनलाई जानकारी गराइदिनु हुन म अनुरोध गर्न चाहन्छु ।

यस्तै गरेर अब सूचना प्रविधिको कुरा बारेमा छ । यो मन्त्रालयमा म के गर्न चाहन्छु भने यो फोर जीका कुराहरू छन् । यो सबै प्रविधिका कुराहरू छन् । तर अहिले जुन कोभिड-१९ को कारणले सारा विद्यालयहरू बन्द छन् । अहिले जुमबाट पढाइ हुन्छ । तर गाउँ घरमा त्यो स्थिति छैन । तब म हरेक कुरालाई के भन्न चाहन्छु भने कुण्डली हेरेर कुनै प्रविधिको नियम नबनाइयोस् । आज गाउँका विद्यालयहरू पूरै बन्द छन् । अब यो जुमबाट कसरी हामी सञ्चालन गर्न सक्छौं । यसका निम्ति फोरजी देशैभरि सञ्चालन गर्न सक्यो भने केही त्यसरी इन्टरनेटको माध्यमबाट हामी अगाडि बढ्न सक्थ्यौं कि भन्ने कुरा म सम्बन्धित मन्त्रालयको म ध्यानाकर्षण गराउन चाहन्छु ।

अन्त्यमा, म के भन्न चाहन्छु भन्दाखेरि जे जति भएपनि यी कुराहरूलाई पनि अब कार्यान्वयनको पक्ष कसरी जान्छ र कसरी यसलाई अगाडि बढ्छन् मुख्य पक्ष भनेको यसको कार्यान्वयनको पक्ष हो । कार्यान्वयनको पक्षमा हामी ध्यान दिऊँ । अगाडि बढौं र अगाडि बढेर जान सकियो भने सम्भवत हामी यही बजेटलाई पनि अगाडि बढाउन सक्छौं र मैले केही कुराहरू राखें । यसको जवाफ पाउने नै छु भन्ने कुरा राख्दै आफ्नो छोटो छलफल यही समाप्त गर्छु । धन्यवाद ।

**सम्मानीय अध्यक्ष**:- माननीय नन्दा चपाईं । समय ७ मिनेट । यसपछि माननीय अगम प्रसाद वान्तवा राई ।

**माननीय श्री नन्दा चपाईं (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय सभा अध्यक्ष महोदय, हामीहरूले आज पनि विगतमा जस्तै आर्थिक वर्ष ०७७/७८ को विनियोजन विभिन्न मन्त्रालय अन्तर्गतको विनियोजन बजेटमाथि छलफल गरिहेका छौं । देशमा भएको विषम परिस्थिति कठिनाइपूर्ण अवस्थाको सामना गर्दै अगाडि बढिरहेका छौं । विभिन्न मन्त्रालयको बजेटमाथि छलफल गरिरहँदा अथवा विभिन्न मन्त्रालयको बजेटको अध्ययन गरिहँदा सामान्यतः भौगोलिक सन्तुलन नमिलेकै भएपनि सबै मन्त्रालयको अध्ययन गरिरहँदा अरु मन्त्रालयमा विनियोजन भइरहेका बजेट हेरिरहँदा मलाई सन्तोषजनक नै छ भन्ने लागिरहेको छ । हुन त यतिबेला देश महामारीको चपेटामा छ । सरकार सङ्कटग्रस्त अवस्थामा छ । त्यसैले विनियोजन भएको बजेट पनि कार्यान्वयन हुन सक्ला नसक्ला । यद्यपि बजेट कार्यान्वयन हुन सकेछ भने खानेपानी मन्त्रालय, भूमि व्यवस्थापन मन्त्रालय लगायत ती ११ वटा मन्त्रालयमध्ये अन्य मन्त्रालयहरूको बजेट सन्तोषजनक छ, उत्कृष्ट छ । म यसलाई स्वागत र समर्थन गर्न चाहन्छु किनकि एक-एक गरेर यहाँ भनिरहन समय

पनि पुग्दैन र मैले सामान्य कुरा त्रुटिहरू रहेछन् भने मन्त्रीज्यूहरूसँगै भेटेर मैले कुरा गर्ने छु । यस्तै शहरी विकास मन्त्रालय अन्तर्गतको बजेट योजनाहरू मलाई लागेको थियो । जुन गत वर्ष जस्तो मन्त्री केन्द्रित नहोला भन्ने तर अन्तत्वगत्व मन्त्री केन्द्रित भएरै छाड्यो । फेरि पनि म यस विषयमा मन्त्रीज्यूलाई भन्न चाहन्छु । शहरी विकास मन्त्रालयमा दुई वर्षको मेरो अनुभव र मैले गरेको परामर्श सचिवसँगको प्रयास स्थानीय निकायमा गरेको परामर्श र नगरपालिकाको समर्थन । स्थानीय निकायकै रकम वा त्यहाँका जनताको रकमबाट बनाएको डीपीआर । त्यो डीपीआर मैले ल्याएर शहरी विकास मन्त्रालयमा पेश गरेँ । पूर्वमन्त्री कै पालामा पेश गरेको बजेट कहिले पूर्ण बजेट त कहिले समपूरक बजेटको बेलामा पारिने छ भन्दै आस्वासन गराउने काम भयो । मलाई कहिलेको अर्थ मन्त्रालय, कहिले विभाग त कहिले शहरी विकास मन्त्रालय सिपालु खेलाडीको फुटबल जसरी वर र पर हिड्ने काम गरेँ । तर म दुःखका साथ भन्न चाहन्छु । मलाई आज आफ्नै सरकार नेकपा एमालेको अथवा कम्युनिष्ट पार्टीको सरकार, अथवा जनताको सरकारको बीचमा मैले दुःख राख्दा मलाई आफैलाई दुःख लागिरहेको छ । नराख्न पर्दा राम्रै हुन्थ्यो भन्दाभन्दै पनि आज म यो विचार राख्न बाध्य भएको छ । हुन त पूर्ववक्ता माननीयज्यूले भनिसक्नु भएको छ । कर्णालीको बजेट एकदम सन्तोषजनक छ भनेर अन्य क्षेत्रको बजेट सन्तोषजनक छ होला म मान्न चाहन्छु तर पूर्वको तुलनामा पश्चिममा बजेट छ भनेर यसलाई म स्वीकार्न सक्दिनँ । मलाई यति बेला यो भनिरहँदा, यो सदनमा बोलिरहँदा मलाई एउटा कलाकारको गीतको याद आइरहेको छ । "मुटुमाथि ढुङ्गा राखी हाँस्नु पर्या छ, आफ्नै आँखा छोपी अरुलाई नरोऊ भन्नु पर्या छ ।" मैले यति भनिरहँदा मलाई शहरी विकासमा जुन म जाने गरेर मन्त्रीज्यू पनि यहीँ हुनुभएको छ । मलाई खुसी पनि लागेको छ । मैले बोलिरहँदा मेरो कुनै टङ सिलिप होला । यसमा मन्त्रीज्यूले अन्यथा ठान्नुहुने छैन । मेरो सुझावको रूपमा भन्ने छु । म मन्त्रीज्यूसँग भेट भयो मैले मन्त्रीज्यूलाई त्यो डीपीआर दिइसकेपछि मैले सचिवसँग सल्लाह भएपछि मन्त्रीज्यूले सिग्नेचर लिनु भयो । मलाई लाग्यो साँच्चै मन्त्रीज्यूले तोक लगाउनु भयो । यो बजेट मलाई पर्छ लाग्यो । हुन त सानो कुरा छ । एउटा पञ्चपुरी नगरपालिकाको वडा नम्बर ९ मा जामु, राग विद्यापुर, बान्द्रे र दह हुँदै दोबाटालाई जोड्ने भित्री सडक हो । तर सानै कुरामा मैले सदनमा रोदन व्यक्त गर्नु पर्दा म दुःखी छुमन्त्रीज्यू । यसमा म अनुरोध गर्न चाहन्छु । मलाई मन्त्रीज्यूले भन्नु भयो देश विषम् परिस्थितिमा छ । यतिबेला नयाँ बजेट पार्न सकिँदैन होला यसलाई पनि मैले धैर्य गर्नु पर्छ । किन जनताको सरकार छ भन्ने ठाने त्यस पश्चात मैले यो किताब मन्त्रालयले वितरण नगर्दै मन्त्रीज्यूकोमा गएर सचिवसँग मागेर ल्याएर दुईटा किताब ट्याली गरेँ । त्यो दुईटा किताब हेर्दाखेरि मैले पाएँ । मैले प्रतिनिधित्वको रूपमा ४/५ वटा जिल्लाको सुझाब ल्याएको छु । मन्त्रीज्यू म अनुरोध गर्न चाहन्छु । विगत वर्ष बाँकेको मन्त्री हुनुहुन्थ्यो, त्यहाँ ४२ वटा योजना रहेछन् । मन्त्रीज्यूले मलाई भन्नु भएको थियो क्रमागत रूपमा पार्ने पर्छ भनेर । तर ३६६ शीर्षकमा लेखिएको छैन मैले पनि नबुझ्न सक्छु होला म यसलाई स्वीकार गर्न चाहन्छु । त्यस्तै पाँचथरमा विगत वर्षमा २५ वटा योजना परेका रहेछन् । अहिले ६४ वटा परेका रहेछन् । मन्त्रीज्यू म अनुरोध गर्न चाहन्छु, म आग्रह गर्न चाहन्छु । ६४ वटा एउटा मात्रै मेरो क्षेत्रमा पठाइदिनुहोस् । त्यहाँका जनता हजुरका पनि हुन् । हजुरलाई मन्त्री बनाउने ठाउँमा

पुऱ्याउने इच्छा त्यहाँका जनताको पनि छ । मेरो पनि नाम रहने छ । मन्त्रीज्यूलाई पनि म स्वागत गर्न चाहन्छु ।

यस्तै गरेर काठमाडौंमा हेरेँ । गत साल १ सय ५ वटा परेका रहेछ । हो ठुलो शहर हो यसमा मान्नै पर्छ । जति काठमाडौंमा पऱ्यो त्यही कर्णालीमा परोस् भन्न म चाहदिनँ । १ सय ५ परेका रहेछन् । अहिले त्यहाँ राज्य मन्त्री हुनुहुन्छ । २ सय ३१ परेका रहेछन् । मन्त्रीज्यू म हजुरलाई धेरै अनुरोध गर्न चाहन्छु, अनुनय गर्न चाहन्छु, विनय गर्न चाहन्छु । यो एउटा मात्र मेरो क्षेत्रमा पठाइदिनुस् त्यहाँको माग छ एउटा भवन, एउटा भित्री सडक । यही भित्री सडक यो अर्बौको कुनै राज्यको गौरवको योजना मात्रै होइन मैले एउटा सानो योजना सानो माग मागेको हो । यसलाई पूरा गर्दिनुभयो भने मेरो पनि ३५ वर्षको राजनीति जीवन छ त्यहाँका जनताले मबाट आशा गरेका छन् आज मलाई फोन गरेका छन् । तँलाई सदनमा टुलुटुलु हेरेर बस्न पठाइएको होइन । योजना एउटा पनि पार्न नसक्ने भनेका छन् । यसको बारेमा म मन्त्रीज्यूलाई अनुरोध गर्न चाहन्छु म अनुनय गर्न कहाँ जाऊँ ? म मेरो बिन्ती बिसाउन कहाँ जाऊँ, म मेरो माग गर्न कहाँ जाऊँ ? मन्त्रीज्यू यो मेरो अनुनय विनय सुनदिनु हुनेछ भन्ने पूर्ण विश्वासमा छु । दुई वटा क्षेत्रका दुई वटा मात्र पठाइदिनु भयो भने मलाई पूर्ण हुनेछ । मैले कुनै राष्ट्रिय गौरवको योजना अहिले सुर्खेतको त्यो क्षेत्रमा माग्नु पर्छ भनेकी छैन । लाग्न सक्छ सुनिरहँदा सबैलाई तीन वटा पालिका भएको ठाउँमा यत्रो माग भन्न सक्नुहुन्छ । विगतको एउटा क्षेत्र हो म सम्पूर्ण माग अध्यक्ष मार्फत् माननीयज्यूहरूलाई पनि यसमा ध्यान राख्दिनुस् भन्न चाहन्छु । त्यहाँ विगतका १८ वटा गाउँ विकास समिति थिए । अहिले तीन वटा पालिका छन् । एउटा नगरपालिकाले जुन राज्यले गर्न पर्ने राज्यले दिएको जिम्मेवारी सबै वहन गरेको छ यसमा म अनुरोध र आग्रह गर्न चाहन्छु । म भन्न चाहन्छु राजनीतिककर्मीहरू धेरै हुनुहुन्छ धेरै जनाले महाभारत पढ्नु भएको होला । यसमा बुझ्नु भएको होला । पाण्डु पुत्र युधिष्ठिरले मागेका ५ जिल्लामात्रै दिएको भए मलाई लाग्छ महाभारत कथा बन्ने थिएन होला । महाभारत कथा हुने थिएन होला । त्यस्तै यति साना मागमा मैले यो रोदन गर्न नपरोस् । मेरो क्षेत्र भन्न नपरोस्, यो देश मन्त्रीज्यूको हो, यो देश यो राष्ट्र सबैको हो । एउटा माननीयले मात्रै यो कुरो बोल्न नपरोस् । म अनुरोध र आग्रह गर्न चाहन्छु । अन्त्यमा म भन्न चाहन्छु मैले जनताको मागको निम्ति बोलिरहँदा मैले त्यहाँका जनताको माग पूरा गर्नको निम्ति बोलिरहँदा मलाई गएर सहरी विकास मन्त्रालयको ढोकामा अनसन बस्ने ठाउँमा नपुऱ्याइयोस् । यही भन्दै म सम्पूर्ण माननीयज्यूहरूलाई यो मेरो भनाइ सुनिदिनु हुनेछ । मैले अबका दिनमा यो सदनमा यस्तो कुरा राख्न पर्ने छैन । हाम्रो सरकारको जुन नेकपा एमाले अथवा कम्युनिष्ट पार्टीको जनताको सरकार छ, जनताको सरकारले गरेको सबै जनता समान रूपमा अगाडि बढेका छन् । भन्ने आशाका साथ मैले बोल्न पाउने छु भन्दै मन्त्रीज्यूलाई विनम्र अनुरोध गर्न चाहन्छु । मन्त्रीज्यू दुई वटा मात्रै योजना पार्दिनु हुनेछ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय अगम प्रसाद वान्तवा राई । समय ७ मिनेट । यसपछि माननीय खिम कुमार वि.क. ।

**माननीय श्री अगम प्रसाद वान्तवा राई (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)**:- सम्माननीय अध्यक्ष महोदय, मेरो विषय भोलि परेको थियो मैले भोलिको लागि Time मागेको थिए त्यही पनि आज । फेरि पनि मैले बोल्ने विषय भोलि बोल्न पाइएला र अहिले म त्यस्तो खासगरि यो अहिले जे बजेट आएको छ त्यो बजेट उपयुक्त छ भन्ने लागेको छ र भौतिक पूर्वाधार मन्त्रालयको बजेट हुन सक्छ यसपालि कोभिड-१९ को कारणले पनि बजेट घटेको छ र हिजो पोहोरको साल, अघिल्लो सालको बजेटमा १ करोड बढेकोमा ४० लाख त्यस्तै घट्दै-घट्दै गएको स्थिति पनि देखिन्छ र अर्को कुरा त मूल कुरा हो त भन्दाखेरि जतिसुकै बजेट विनियोजन भए पनि अहिलेसम्मको हाम्रो परम्परा के देखिन्छ भने पूर्वाधार विकास अन्तर्गतको हो कि अथवा जुनसुकै विकास क्षेत्रका समयभित्र कार्यान्वयन नहुने र जे कुराहरू पहिला कै त्यो असारै बजेट भनेजस्तै अहिले पनि त्यो परम्पराहरू छ र त्यसलाई अन्त्य गर्नु पर्छ भन्ने मलाई लागेको छ र यो पूर्वाधार विकास अन्तर्गतको यता नगई सहरी विकास अन्तर्गत मलाई के लाग्छ भने कति ठाउँमा चाहिँ एकै ठाउँ गयो कि भन्ने । खासगरि मैले मेरो मैले जानेको कुरा इलाम जिल्लाकै सन्दर्भमा पनि केही ठाउँमा एकै क्षेत्रमा चाहिँ पर्‍यो कि भन्ने पनि लागेको छ । र मुलतः अर्को कुरा यो खानेपानी कै सवालमा धेरै कुराहरू उठिरहेको छ र खासगरि मेलम्ची खानेपानीको कुराहरू अब अघिल्लो साल पनि एक वर्षभित्र आउँछ भन्ने प्रतिबद्धता जाहेर गरेर आएको छ र यसपल्ट पनि त्यो कुरा आएको छ र धेरै चासोको विषय पनि त्यो बनिराखेको छ । र अवश्य पनि हामी विश्वास गरौँ यो आर्थिक वर्षमा त्यो पूरा हुनेछ र काठमाडौं बासीले नि खानेपानी पिउन पाउने छ भन्ने कुराहरू विश्वास गरौँ । र मुलतः सबै विषयहरूमा यो भूमि व्यवस्था सम्बन्धी अहिले नेपालमा भूमि समस्या जटिल छ र अवश्य यो सरकारले सबैलाई एकपल्टलाई जग्गा धनी जग्गा मालिक बनाउने उद्देश्यसाथले आयोगहरू बनेको छ र जिल्ला-जिल्लामा धेरै समस्याहरू छन् । त्यसले अब जिल्ला-जिल्लाका पनि निकायहरू गठन गर्ने होला त्यसलाई तुरुन्तै गठन होस् र सबैतिर निष्पक्ष ढङ्गले अव्यवस्थित ङढ्गले बसोबास गरेका बसोबासीहरूलाई र भूमिहीनहरूलाई जग्गा उपलब्धता गराउने काम गरियोस् र खासगरि अहिलेको यी सबै कुराहरू आजकै विषय अन्तर्गत पनि मलाई सबै उपयुक्त लागेको छ अहिलेको स्थितिमा र बजेट घटेता पनि तर मुख्य हामीले ध्यान दिनु पर्ने सवाल चाहिँ के देखिन्छ भने कार्यान्वयन पक्ष नै हो र कार्यान्वयन पक्षमा Time मा नहुने, समयमा नहुने र त्यसलाई जब Time बित्दै जाने अनि काम हतार-हतार गर्ने र त्यसलाई चाहिँ लक्ष्य अनुसार काममा नहुने यो परिस्थिति यसलाई चाहिँ अन्त्य गर्नु पर्छ र त्यसलाई लैजानु पर्छ भन्ने कुरा राख्दै खासगरि फेरि मेरो चाहिँ खासगरि कृषि सम्बन्धी र उद्योग सम्बन्धी थियो र आज विषय परेन मैले त भोलिको लागि भनेर त्यही भनेको थिए हाम्रो सचिवज्यूलाई पनि ठिकै छ भोलि फेरि पनि त्यो Time पाउँ भन्दै मेरो भनाइ अन्त्य गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय खिम कुमार विश्वकर्मा । समय ७ मिनेट । यसपछि माननीय नैनकला ओझा ।

**<u>माननीय श्री खिम कुमार विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आजको कार्यसूचीमा रहेका ११ वटा मन्त्रालयहरूको बारेमा विनियोजन शीर्षकमा छलफल भइरहेको छ । अतः म सबै मन्त्रालयहरू आज कार्यसूचीमा रहेका मन्त्रालयहरूको विनियोजन खासगरेर नेपालको संविधान दिगो विकास लक्ष्य, बजेट व्यक्तव्य, नीति तथा कार्यक्रमको मर्मलाई पक्डेर विनियोजन भएको छ । त्यसो भएको हुनाले यो बजेट समग्रमा भन्दाखेरि केही चाहिँ प्रभावमुखी त निश्चित नै रूपमा भएको छ । प्रभावमुखी हुँदाहुँदै पनि यसलाई समग्रतामा हेर्दाखेरि यसको समर्थन गर्न चाहन्छु । र मैले मन्त्रालय अन्तर्गत चाहिँ आफ्नो धारणा व्यक्त गर्न चाहन्छु । खासगरेर मैले भौतिक पूर्वाधार तथा यातायत मन्त्रालयसँग सम्बन्धित रहेर पहिलो आफ्नो धारणा राख्ने छु । खासगरेर यो मन्त्रालय कामको हिसाबले र विकासको हिसाबले खासगरेर अर्थतन्त्रलाई जोड्ने मेरुदण्डको रूपमा चाहिँ यो मन्त्रालयलाई लिन सकिन्छ । अतः सोहि अनुसार यसको सिलिङ्ग हुने कुरो र विनियोजन हुने कुरामा पनि द्वविधा हुने कुरा भएन । यो मन्त्रालयले खासगरेर अहिले अत्यन्त राम्रो कुरा के गरेको छ भन्दाखेरि विविधताहरूको समायोजन गरेको छ, सन्तुलन कायम गर्ने गरेर बजेट विनियोजन गरेको मैले भेट्छु । खासगरेर मधेश तराई समृद्ध कार्यक्रम, कर्णालीलाई विशेषत र हिमाली भेगका केही दूर दराजका जिल्लाहरूमा पनि बजेटले छोएको छ त्यसो भएको हुनाले पनि यो सन्तुलनको आधार र प्राथमिकता अर्थशास्त्रको नियम अनुसार पनि प्राथमिकीकरण गर्ने कुरालाई राम्रोसँग गरेको छ भनेर म यति भन्न चाहन्छु । अब यहाँ खासगरेर १२ वटा चाहिँ मुख्य शीर्षकहरूमा विभिन्न उपशीर्षकहरूमा यसले ३ हजार २ सय २८ वटा योजनाहरूलाई राखेको छ, समावेश गरेको छ । यसको योजनाको खासगरेर विनियोजनको प्रक्रियालाई हेर्दाखेरि तत्काल सम्पन्न हुने अनि त्यसपछि मध्यमकालीन र दीर्घकालीन । केही चाहिँ सम्भाव्यता अध्ययन गर्ने कुरालाई पनि राखेको छ । यसले केही चाहिँ आशा जगाएको लाई स्वभाविक रूपमा बुझ्न सकिन्छ । यसका एउटा मैले नबुझेको पक्ष के भयो भन्दाखेरि बजेट वक्तव्यमा यसको चाहिँ सिलिङ्ग चाहिँ १ खर्ब ६५ अर्ब ९३ करोड ६२ लाख छ । यसको खर्च चाहिँ यहाँ प्रस्ताव के छ भन्दा १ खर्ब ६५ अर्ब ९३ करोड ६२ लाख देखिन्छ । यो अन्तरलाई अब यो मन्त्रालयले कसरी चाहिँ मतलब समाञ्जस्यता कायम गर्दछ भन्ने एउटा जिज्ञासा उठ्यो स्वभाविक रूपमा । यस योजना यो विनियोजनमा कार्यान्वयन गर्नको लागि हाम्रो क्रियाशील क्षमताहरू खासगरि पूजीँगत क्रियाशील क्षमतालाई वृद्धि गर्नु पर्छ । असारे विकास जुन हुने प्रचलन हो यो हिजोको प्रचलन अहिले पनि गएको छैन यसलाई तुरुन्तै रोकेर एउटा एकदम निश्चित समयमा कम्तीमा पनि पहिलो चौमासिकमा सबै कागजातहरू पूरा गर्ने, प्रक्रिया पूरा गरेर दोस्रो चौमासिकबाट काम थालेर तेस्रो चौमासिकको सुरुमा जाँदाखेरि यसको अध्यावधिक योजनाहरूलाई अगाडि बढाउने ढङ्गले अगाडि बढ्नु पर्छ भन्ने मलाई म सुझाव दिन चाहन्छु । त्यस्तै गरेर यो सवारी प्रक्रियाको लाइसेन्स दिने कुरा अनि अलि छिटो छरितो गर्ने

कुरो र सवारी नियमलाई व्यवस्थित गर्ने दुर्घटनाबाट बचाउने कुरालाई यो मन्त्रालयले विशेषतः ध्यान दिनुपर्छ होला भन्ने मलाई लाग्छ । अनि यो बनाउँदाखेरि अब निर्माणहरू बनाउँदाखेरि आजको पर्यावरणलाई ख्याल गरेर अलि दिगो विकासको लक्ष्य अनुसार अलि दिगो हुने किसिमले चाहिँ हामीले संरचनाहरू निर्माण गरेर जानु पर्छ भन्ने मलाई लाग्छ । म अर्थ मन्त्रालयतिर जान चाहन्छु ।

अर्थ मन्त्रालयको खासगरेर चाहिँ विनियोजनको बारेमा त्यति धेरै टिकाटिप्पणी गर्ने कुरा छैन । आफ्नो आवश्यकताको सिलिङ्गको आधारमा खर्चहरू विनियोजन शीर्षकहरू राखेको छ । खासगरेर यो NGO, INGO को sector बाट थुप्रो-थुप्रो रकमहरू आउने गर्दछ । त्यसको हर हिसाब छैन । त्यो कहाँ हुन्छ, के हुन्छ तिनीहरूले कर तिर्छन् तिर्दैनन् राज्यलाई कसरी परिचालन हुन्छ भन्ने कुरालाई अलिकति राख्न सकेन अर्थ मन्त्रालयले चाहिँ त्यसको नियमन गर्ने कुरा चाहिँ त्यो पूजीँको आँकलन गर्नु पर्‍यो भन्ने मेरो कुरा हो । अनि म विनम्रतापूर्वक अर्थ मन्त्रालयलाई माननीय अर्थमन्त्रीज्यूसँग के अनुरोध गर्न चाहन्छु भन्दाखेरि बजेट वक्तव्यको बुँदा नम्बर ७८, ७८ ले के भन्यो भन्दाखेरि समाजमा रहेको विभेदहरू सम्पूर्णलाई अन्त्य गर्नका लागि एउटा अभियानात्मक कार्यक्रमको लागि बजेट विनियोजन गरिने छ । यहाँ विभेदहरू छ, अनि दलित उत्पीडित समुदाय अल्पसङ्ख्यक समुदायहरूको चाहिँ उत्थानको लागि, विकासको लागि, समृद्धिको लागि कार्यक्रम ल्याइनेछ भनेर भन्यो । यो बजेटले कहाँ चाहिँ छोयो विनियोजनले भनेर मैले सबै मन्त्रालयहरूको जुन कि झुकिएर गयो कि भनेर जुन सरोकार नै राख्दैन त्यो मन्त्रालयलाई पनि खोजेँ तर कहीँ पनि भेट्न सकिएनँ । अनि यो कहाँबाट अब कार्यक्रममा लागू हुन्छ ? यसरी चाहिँ अब यसलाई के भन्ने मैले त्यो शब्द त प्रयोग नगरौँ सफेद झुट चाहिँ ने कुरा यसरी राख्नु भएन । बजेट वक्तव्य भनेको एउटा राष्ट्रिय डकुमेण्ट हो । अनि अर्थ मन्त्रालयको यो ग्रामिण अर्थतन्त्रलाई चाहिँ सहरको अर्थतन्त्रसँग जोड्ने कार्यक्रम के छ ? यो कार्यक्रम आउनु पर्‍यो । त्यो कार्यक्रम आएको छैन । त्यसो भएको हुनाले अर्थ मन्त्रालयलाई यही सुझाव दिन चाहन्छु ।

खानेपानी मन्त्रालयसँग रहेर मैले आफ्नो केही भनाइ राख्न चाहन्छु । खासगरेर खानेपानी मन्त्रालयको बारेमा मैले विगतको आर्थिक वर्षको विनियोजन शीर्षकमा पनि कुरा राखेको छु । मेरो कुरा त्यही हो खानेपानी मन्त्रालयसँग यो मन्त्रालय अत्यन्त पावर वेशको आधारमा बजेट विनियोजन हुने मन्त्रालय हो । त्यसो भएको हुनाले आजको जनताको दैनिक आवश्यकता के हो ? खानेपानी । हाम्रो संविधानले एउटा मौलिक अधिकारको रूपमा खानेपानीलाई राखेको छ भनेदेखि नीतिगत हिसाबले यो मन्त्रालयले नीतिगत रूपमा सुधार गर्नु पर्ने म देख्दछु । किनभनेदेखि आज सच्चाइएको भने तापनि संघबाट प्राप्त हुने योजना भनेको १५ हजार तराईको लागि जनसङ्ख्या हुनु पर्ने, पहाडको लागि ५ हजार हुनु पर्ने, हिमाली भेगको लागि भने १ हजार भयो भने मात्रै यो संघको बजेटबाट सम्बोधन हुने भन्ने जुन नीति छ यसले सिधैसिधै चाहिँ आफ्नो दायित्वबाट बञ्चित गराउने उपभोक्तालाई मारमा पार्ने त्यसो भएको हुनाले यो मन्त्रालयले आफ्नो नीतिगत सुधार गर्नु जरुरी छ, corruption का कुराहरू आउँछन् । त्यसो भएको हुनाले अलिकति विचार गर्नु पर्ने म देख्दछु । नयाँ खाले कार्यक्रम केही पनि छैन । पूर्ववक्ता माननीयज्यूले पनि भनिसक्नु भएको

छ यो copy paste गरेर राखिएको छ । त्यसो भएको हुनाले अलिकति यसलाई सुधार गरेर जानु पर्छ भन्ने मलाई लाग्छ ।

सहरी विकास मन्त्रालयसँग रहेर मलै आफ्नो धारणा राख्न चाहन्छु । प्रभाव र पहुँचभन्दा  यो मन्त्रालय पनि बाहिर जान सकेन त्यसो भएको हुनाले चाहिँ यो मन्त्रालयले पनि योजना निर्माण गर्ने सवालमा अलिकति सोचोस् । खासगरेर यसको कामको प्रकृतिको हिसाबले पनि भन्नु पर्दा सहर केन्द्रित नै हो । सहर केन्द्रित भए तापनि प्राथमिकताको चरण त क्रमहरूलाई हेर्नु पर्ला नि ? त्यो हेर्न नसकेको देखिन्छ । त्यसो भएको हुनाले यो मन्त्रालयबाट बहुसङ्ख्यक जनता लाभन्वित हुन सकेको छैनन् । अनि यसको चाहिँ के हो वितरणको कुराभन्दा खेरि point मा छ । पोइन्ट ५ अथवा ५० हजारदेखि विनियोजन हुन्छ । यो ५० हजारले आजको दिनमा के बन्न सक्छ ? म प्रश्न गर्न चाहन्छु मन्त्रीज्यूलाई ।

महिला बालबालिका मन्त्रालयसँग सम्बन्धित रहेर मैले आफ्नो धारणा व्यक्त गर्न चाहन्छु । महिला बालबालिका मन्त्रालयको मेरो चाहिँ एउटा सैद्धान्तिक हिसाबले के छ भन्दाखेरि यो नामसँग असहमति छ । किन भन्दाखेरि महिला बालबालिका र ज्येष्ठ नागरिक मात्र भन्यो । समाजको हरेक जीवनसँग सम्बन्धित मन्त्रालय हो त्यसो भएको हुनाले सायद् हामीले कहाँ गल्ती गर्‍यौँ नामकरण गर्ने सवालमै । यसको त समाज कल्याण मन्त्रालय अथवा समाजिक विकास मन्त्रालय भएर गर्दाखेरि उपयुक्त हुन्थ्यो । यसले दलितलाई पनि हेर्नु पर्दछ, अल्पसङ्ख्यकलाई पनि हेर्नु पर्दछ, घाइतेलाई पनि हेर्नु पर्छ, अपाङ्गलाई पनि हेर्नु पर्छ । अनि सीमित गराइन्छ  र बजेट यसको सिलिङ हुन्छ यति । अनि के काम हुन्छ ? आकाङ्क्षा चाहिँ बढी हुन्छ । त्यसो भएको हुनाले यो अन्तर.....(समय सकिएको हँदा माइक काटिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय नैनकला ओझा । समय ७ मिनेट । यसपछि माननीय राम लखन चमार ।

**<u>माननीय श्री नैनकला ओझा (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)</u>**:- सम्माननीय अध्यक्ष महोदय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय लगायत सम्पूर्ण ११ वटा आजका मन्त्रालय शीर्षक बजेटमाथि छलफल भइरहेको छ । सबै ११ वटा नै शीर्षकमा भाग लिने समयको पारधीन छ । त्यसैले म भौतिक मन्त्रालय तथा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र भूमि व्यवस्था तथा सहकारी मन्त्रालय सम्बन्धित केही धारणाहरू राख्न चाहन्छु । राष्ट्रको आधुनिक विकास र जनताको जनजीवनमा कायपलट गर्ने भनेकै सडक, यातायात पूर्वाधारको विकास हो भनेर नै वर्तमान सरकारले यो मन्त्रालयको लागि १ खर्ब ३८ अर्बभन्दा बढी बजेट छुट्याएको छ । यो बजेटको कार्यान्वयनले पक्कै पनि राष्ट्रिय गौरवका सडक आयोजनाहरू पूर्व- पश्चिम राजमार्ग, उत्तर-दक्षिण राजमार्ग पुराना राजमार्गको बिस्तार र मर्मत रिङरोडहरू र देशभरिका आवश्यक पूलहरूको निर्माण सम्पन्न

हुन्छ भन्ने विश्वास राख्दछु । साथै रेल र पानी जहाजको कुरा उठेको धेरै निकै समय भइसक्यो अब यो बजेटले ती आयोजनाहरूले समेत सार्थकता पाओस् भन्दै केही सुझाव राख्न चाहन्छु । सुझावहरू रेल र जल यातायात सेवाका लागि छिटो पूर्वाधार विकासमा लाग्नु पर्ने भनाइ र गराइमा एकरुपता होस् । सबै खाले सडक पूल जस्ता पूर्वाधारको विकास दुर्गम क्षेत्रमा पनि समानुपातिक रूपमा हुनु पर्छ । अझै कतै तुइनहरू छन् भने यसै आर्थिक वर्षभित्र तिनको खोज गरेर झोलुङ्गे पुलले विस्थापित गरियोस् । दुर्गम क्षेत्रका पूल र सडकहरूमा बजेट अत्यन्तै थोरै छुटिएको छ, वृद्धि गरियोस् । सुरुङ्गमार्गहरू तीव्र गतिका साथ सम्पन्न गर्ने कुरामा ध्यान पुगोस् । देशभरका ८० हजार किलोमिटरभन्दा बढी कच्ची ग्रामिण सडक सञ्जालको स्तरउन्नत र सुरक्षामा वर्तमान सरकारको ध्यान पुगोस् । भौतिक मन्त्रालयको यति नै अब म बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्बन्धित केही कुराहरू राख्न चाहन्छु ।

अध्यक्ष महोदय, हामी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गत संघ, प्रदेश र स्थानीय तहमा सञ्चालन हुने आर्थिक वर्ष २०७७/०७८ को वार्षिक विकास कार्यक्रमहरूको छलफल गरिरहेका छौं । यो बजेटले देशका सम्पूर्ण महिला तथा ज्येष्ठ नागरिकहरूलाई सहयोग गर्ने कुरामा विश्वास राख्दछु । यसमा राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रम, लैङ्गिक हिंसा निवारण तथा मानव बेचबिखन नियन्त्रण कार्यक्रम, बालविकास कार्यक्रम, अपाङ्गता कार्यक्रम जस्ता कार्यक्रम समावेश गरिएका छन् । यी सबै कार्यक्रमले सार्थकता पाउन भन्दै केही सुझावहरू राख्न चाहन्छु । सुझावहरू दुर्गम जिल्लाहरूमा अस्पतालको कमीले अझै पनि गर्भवती महिलाहरूको मृत्यु हुने गरेको छ । यो समस्याको हल गर्न उद्दार कार्यक्रमलाई विशेष प्राथमिकता दिओस् । ज्येष्ठ नागरिकहरूलाई अलपत्र हुन नदिन वृद्धा आश्रमहरू थप गर्न जरुरी छ । चलिरहेको वृद्धा आश्रमहरूमा पनि खानपिन तथा सरसफाइमा ध्यान नपुगेको समाचार आइरहेको छन् । यसलाई हल गर्न अनुगमन टोली बनाइ परिचालन गरियोस् । यस्तै भूमि व्यवस्था सहकारी गरिबी निवारण मन्त्रालय अन्तर्गत अत्यन्तै राम्रो कार्यक्रमहरू ल्याएको छ भूमि सहकारी मन्त्रालयले । सातै प्रदेशमा परिचय पत्र बनाई परिचय पत्रको आधारमा सुकुम्बासी कति छन् र भूमि कति छ भन्ने तथ्याङ्कको आधारमा सुकुम्बासी समस्या समाधान हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु । अत्यन्तै सुकुम्बासीहरू दोहोरो स्वामित्वमा परेर अत्यन्तै दुखित भएका छन् समस्यामा परेका छन् । यो भूमि व्यवस्था मन्त्रालयले यो साल पक्कै पनि यो समस्या समाधान गर्नेछ भन्ने विश्वास राख्दै यो ११ वटै मन्त्रालयका सबै योजनामाथि छलफल गर्ने समय पनि कम भएको हुनाले सबै खानेपानी मन्त्रालय, सहरी विकास मन्त्रालय, कानून मन्त्रालय, सहरी विकास मन्त्रालय, युवा खेलकुद तथा अर्थ मन्त्रालय सञ्चालन, सञ्चार सूचना मन्त्रालय, श्रम रोजगार मन्त्रालय, वन तथा वातावरण मन्त्रालयलाई सबै ११ वटै मन्त्रालयका विषयमा अत्यन्तै राम्रो छ । यी मन्त्रालय कार्यान्वयनका लागि चुनौति पनि छ । किन यो विषय परिस्थितिमा अत्यन्तै गाह्रो छ । बजेट छुट्याए तापनि यो बजेट सबै लागू गर्न सकिन्छ कि सकिँदैन भन्ने हामी सबैलाई लागि राखेको छ । COVID- 19 ले अत्यन्तै मर्माहात पारेको छ देशमा चुनौति धेरै छ । तर पनि यो बजेट समानुपातिक किसिमले सबैतिर नभए पनि यो

बजेट अत्यन्तै राम्रो छ, म अत्यन्तै खुसी छु । नभएका नमिलेका बजेटहरूलाई अझै पनि मन्त्रालय अन्तर्गतका मन्त्रीज्यूहरूले यसलाई केही मिलाउनु हुनेछ भन्ने मलाई विश्वास पनि लाग्दछ । अन्त्यमा सम्पूर्ण मन्त्रालय मार्फत्को बजेट विनियोजन बजेटमाथि म पूर्ण समर्थन गर्दै बिदा हुन चाहन्छु । हवस् त धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय राम लखन चमार । समय ७ मिनेट ।

**<u>माननीय श्री राम लखन चमार (नेपाल कम्युनिष्ट पार्टी, नेकपा)</u>**:- सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक, २०७७ का विभिन्न शीर्षकहरूमध्ये आज हामी ११ वटा मन्त्रालय अन्तर्गतका बजेटमाथि छलफल गर्न उभिएका छौँ । समग्रमा बजेटहरू राम्रो ढङ्गले आएका छन् । किनभने हामी नीति कार्यक्रम त्यसपछि माननीय अर्थ मन्त्रीज्यूले प्रस्तुत गरेको बजेट भनिसकेका छौँ । यो समृद्ध नेपाल निर्माणको लागि, खुसी नेपालीको लागि आएको छ । र त्यही अन्तर्गत अहिले यो मन्त्रालयहरूको बजेट विनियोजन भएको छ यसमा धेरै राम्रा ढङ्गले बजेट आएका छन् । ती राम्राका लागि माननीय मन्त्रीज्यूहरूलाई धन्यवाद दिन चाहन्छु । एउटा समग्र रूपमा ध्यान दिनु पर्ने यो सबै मन्त्रालय अन्तर्गतको काम मैले चाहिँ भन्न चाहन्छु । बजेट विनियोजन गरिदिएर मात्रै सबै कुरो हुन्छ भन्ने मलाई लाग्दैन । विगतको हाम्रो एउटा चलन के छ भने अनुगमन र योजनालाई सहज तरिकाले सरोकारवालाहरूले कसरी उपभोग गर्ने त्यसको लागि अभिमूखीकरणको योजना हामी पाउँदैनौं । र खासगरेर अहिले हामी नेपाल निर्माणको सन्दर्भमा खासगरेर युवा रोजगारीलाई लक्षित गरेर कार्यक्रमहरू ल्याइराखेका छौँ तर कुन-कुन मन्त्रालयबाट कुन-कुन ढङ्गले सहुलियत ब्याजमा अथवा अनुदानमा के कार्यक्रमहरू कसरी पर्याप्त हुन्छन् त्यसको योजनाको बारेमा त्यसको प्रक्रियाको बारेमा हामी आम रूपमा युवाहरूलाई अभिमूखीकरण गर्ने कार्यक्रमहरू गरेका छैनौं ।

त्यसकारण सम्माननीय अध्यक्ष महोदय, मेरो अनुरोध के छ भने अब चाहिँ युवाहरूलाई साँच्चिकै सशक्त बनाउनको लागि त सरकारका बजेटहरू कुन-कुन बजेट कहाँ छन् कसरी पर्याप्त हुन्छन् त्यसको बारेमा अभिमुखीकरणको अभियान लैजान सँगसँगै जरुरी छ । नत सरकारले एउटा सूचना निकाल्छ त्यसको प्रक्रिया, त्यसको प्रावधानको बारेमा आम रूपमा सबै युवाहरूलाई सबै लक्षित समूहहरूलाई त्यो थाहा हुँदैन र त्यो बुझ्दा-बुझ्दै त्यो समय सकिएर जान्छ । अथवा उसले कही कतै आफ्नो तरिकाले माग गर्न गयो भने त्यसको के-के प्रक्रिया मिल्दैन त्यसले चाहिँ फालिन्छ । र अलिकता टाठाबाठा जो चाहिँ खासै कामभन्दा योजना ल्याउनको लागि अलिकता खेल्नको लागि चाहिँ काम गर्छन् तिनी मानिसहरू पर्याप्त गर्छन् । त्यसकारणले मेरो एकदम अनुरोध हो कि अब हामी समुदाय लक्षित कार्यक्रम बनाएका छौँ यी सबै कार्यक्रमहरू सहज तरिकाले युवाहरूले पर्याप्त गर्न सक्ने कमसेकम यो आर्थिक वर्ष सुरु भएपछि साउन, भदौ, असोज, मङ्सिरसम्म मजासँग

एउटा अभियान चलाउने अनि युवाहरू सशक्त भएर आफ्ना विभिन्न फर्म हुन सक्छ अथवा उनको सङ्गठन हुन सक्छ । त्यो मार्फत् राज्यको योजनाहरू पर्याप्त गर्न सकून भन्ने मेरो चाहिँ एउटा अनुरोध छ यसमा ध्यान जान जरुरी छ । अर्को मेरो टिप्पणी पनि छ । एउटा टिप्पणी के छ भने कहिले काँही दुःख पनि लाग्छ हामी खुसी हुँदाहँदै पनि हामी माननीयको हैसियत सबैको बराबर भन्छौं । तर यो बजेट विनियोजन गर्ने बेलामा जब मन्त्रालय अन्तर्गत आउँछ । त्यसपछि क, ख, ग, घ सम्मको माननीयहरूको बारेमा वर्गीकरण गरिन्छ । र त्यही वर्गीकरणको व्यथा भर्खर एक जना माननीयज्यू चाहिँ पोख्नु भएको छ । मैले पनि अथवा अरु माननीयज्यूहरू पनि आ-आफ्नो क्षेत्रमा केही न केही एउटा काम त गरौं भनेर चाहिँ मन्त्रालयहरूमा अनुरोध गर्ने काम गरेकै छौं, तर धेरै पाउने, धेरै गर्न सक्ने क वर्गको माननीय, आदि आदि गर्ने ख वर्गको थोरै यताउता कहीं कहीं भएको ग वर्गको हामी घ वर्गको सङ्ख्या त धेरै छ । के घ वर्गको माननीय जुन ढङ्गले मन्त्रालयबाट चाहिँ हाम्रो वर्गीकरण गरेको छ हामी एकजुट मिल्यौं भने के हुन्छ ? के माननीय मन्त्रीज्यूले त्यो बारेमा ख्याल गर्नु भएको छ ? यो दुःखद् कुरा हो । र अब के गर्न सकिन्छ यो बजेटमा तलमाथि गर्ने ठाउँ त छैन गर्न सकिँदैन । तर मेरो अध्यक्षज्यू मार्फत् माननीय अर्थ मन्त्रीज्यूलाई अनुरोध छ कि सम्बन्धित मन्त्रालय मार्फत् यो ३ वर्गमा परेका माननीयहरूको केही न केही थप व्यवस्थाको लागि आउने समयमा सोधदिनु हुन्छ कि भन्ने मेरो आग्रह हो । र अर्को निर्वाचन क्षेत्र पूर्वाधार विकास रकमको बारेमा विगतकै कार्यविधि कै अनुसरण हुने हो कि साँच्चिकै सबै माननीय समान अधिकार राख्ने हैसियतको कुरो हुन्छ यसको बारेमा माननीय अर्थ मन्त्रीज्यूले प्रष्ट पार्दिनु हुन्छ कि भन्ने मैले अपेक्षा गर्छु मैले यति कुरा राख्दै आफ्नो भनाइ अन्त्य गर्दछु । हवस् त धन्यवाद । लाल सलाम ।

<u>**पिठासीन**</u>: सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, विनियोजन विधेयक, २०७७ अन्तर्गत कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, अर्थ मन्त्रालय सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र वन तथा वातावरण मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरू माथिको छलफल यही समाप्त हुन्छ ।

माननीय सदस्यहरू, विनियोजन विधेयक, २०७७ अन्तर्गत अगामी बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डायन मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, राष्ट्रपतिको कार्यालय एवम्

उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरू माथिको छलफल हुने व्यहोरा जानकारी गराउँछु ।

मानननीय सदस्यहरू, अब अर्को बैठक २०७७ असार २ गते मङ्गलबार बिहान ११:०० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर अर्को बैठक २०७७ असार २ गते मङ्गलबार बिहान ११:०० बजे बस्ने गरी आजको बैठक स्थगित भयो ।)

**अन्त्यः- मध्याह्न १२:५५ बजे ।**